# नीति अनुसन्धान बुलेटिन

## नीति अनुसन्धान प्रतिष्ठान
## Policy Research Institute

नीअप्र प्रकाशन सङ्ख्या १०८

माघ १, २०८१ - असार ३२, २०८२ (वर्ष ५, अङ्क २)


## बुलेटिनभित्र

पृष्ठ


नीति अनुसन्धान प्रतिष्ठान परिचय...... २
संस्थागत संरचनाको परिवर्तन र सल्लाहकारहरूको नियुक्ति................. ३
जनशक्ति विस्तार ........................... ७
सम्पन्न भएका अध्ययन/अनुसन्धान ....१२
चालु अध्ययनहरू ........................१४
नीति सिफारिस...............................१६
सार्वजनिक नीति संवाद...................१७
सहकार्य, समन्वय तथा तालिम ......... २५
संस्थागत विकास, विस्तार र प्रसार ..... ३३
तस्बिरमा प्रतिष्ठानका क्रियाकलापका केही झलकहरू ........................... ३४


## नयाँ प्रकाशन (छापा)





## सम्पर्क

**नीति अनुसन्धान प्रतिष्ठान**

नारायणहिटी, काठमाडौं, नेपाल

वेबसाइटः www.pri.gov.np

इमेलः info@pri.gov.np

फोनः ९७७-१-४५३०५१७/४५३४९७९

**सूचना अधिकारी**

कृष्ण प्रसाद वि.क.

फोनः ९७७-१-४५३०५१७

इमेलः kpbk@pri.gov.np





*नीति अनुसन्धान प्रतिष्ठान र चिाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीबिच सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्दै प्रष्ठिानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराई (बायाँ) र उक्त इन्स्टिच्युटका सहनिर्देशक डा. शेन मिङहुइ (दायाँ)*

### प्रतिष्ठानको भनाइ

बुलेटिनको यस अङ्कमा प्रतिष्ठानले २०८१ माघ १ देखि २०८२ असार ३२ गतेसम्म सम्पन्न गरेका क्रियाकलापहरू समावेश छन्। यस अवधिमा अनुसन्धान र अनुसन्धानमूलक अध्ययनहरूको दुई वटा प्रतिवेदनहरू प्रकाशित भए भने प्रतिष्ठानले गर्दै आएका अनुसन्धान परियोजनाहरूका लागि एवम् सम्बन्धित नीतिगत अध्ययन तथा नेपाल सरकारले तयार गरेका नीति तथा कानुनका मस्यौदाउपर सुझाव दिने प्रयोजनका लागि १० वटा नीति संवादहरू सम्पन्न गरिए। त्यसैगरी, प्रतिष्ठानले गरेका अध्ययन अनुसन्धानका आधारमा दुई वटा नीति सिफारिसहरू पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस भए। साथै, अनुसन्धान, सम्बन्धित समन्वय र क्षमता विकासजस्ता विषयमा सहकार्य गर्ने उद्देश्यले प्रतिष्ठानले सोसाइटी अफ नेपालिज प्रोफेशनल्स-यूके, चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजी, नेपाली एकेडेमिक्स इन अमेरिका र नेपाल उद्योग परिसंघजस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समझदारीपत्रमा हस्ताक्षर समेत गर्‍यो। यस अवधिमा प्रतिष्ठानले केही समय अघिदेखि रिक्त रहेका पदहरूमा २५ जना अनुसन्धानकर्ता, कर्मचारी र इर्न्टनहरू पनि नियुक्त गरेको छ।

यस अवधिमा प्रतिष्ठानले जे-जति क्रियाकलापहरू सम्पन्न गर्‍यो र उपलब्धिहरू हासिल भए ती सबै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालयहरू, विश्वविद्यालय, प्राज्ञिक संस्था, अनुसन्धानकर्ता, प्रतिष्ठानका कर्मचारी र अन्य सरोकारवालाहरूबाट प्राप्त प्रत्यक्ष एवम् अप्रत्यक्ष सहयोग र योगदानले सम्भव भएको हो। यहाँहरू सबैबाट प्राप्त सहयोगको लागि प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्दछ।

प्रा.डा. लेखनाथ शर्मा
कार्यकारी अध्यक्ष



*भारत-नेपाल रणनीतिक हितसम्बन्धी प्रवचनका वक्ता तथा जवाहरलाल नेहरु विश्वविद्यालयका प्रा.डा. संगिता थपलियाललाई प्रशंसापत्र प्रदान गर्नुहुँदै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा*




*नीति अनुसन्धान प्रतिष्ठान र सोसाइटी अफ नेपालिज प्रोफेशनल्स-यूके बिच नीति अनुसन्धान सहयोग तथा क्षमता विकासका लागि भएको समझदारीपत्र आदान-प्रदान हुँदै*

# नीति अनुसन्धान प्रतिष्ठान परिचय

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५ बमोजिम आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक क्षेत्रका विविध विषयहरू जस्तैः विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार लगायत विविध पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई नीति सिफारिस गर्न गठन गरिएको थिङ्क ट्याङ्क (Think Tank) हो ।

नीति अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिनु प्रतिष्ठानको कार्यादेश हो । यसले विश्वविद्यालय र अनुसन्धान गर्ने संघसंस्था लगायत परामर्शदाता र प्रतिष्ठानको आफ्नै अनुसन्धान समूहको माध्यमबाट काम गर्दछ र प्राप्त नतिजाहरू सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूसमक्ष प्रस्तुत गर्दछ । अनुसन्धान प्रयोजनका लागि प्रतिष्ठानले आफ्ना कार्यादेशभित्र पर्ने क्षेत्रलाई पाँच समूहमा वर्गीकरण गरी काम गर्दै आएको छ ।

आफ्ना काम प्रभावकारी, छिटोछरितो र विशिष्टीकृत बनाउने उद्देश्यले प्रतिष्ठानले केही आन्तरिक नीति तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याएको छ भने अन्य केही निर्माणाधीन छन् ।

नीति अनुसन्धान प्रतिष्ठानको दूरदृष्टि, ध्येय र लक्ष्यहरू निम्नानुसार छन्:

### दूरदृष्टि

नीति अनुसन्धान प्रतिष्ठानको दूरदृष्टि "राष्ट्रिय समृद्धिको लागि प्रभावकारी र उत्तरदायी सार्वजनिक नीति तर्जुमाको लागि योगदान पुऱ्याउनु" हुनेछ ।

### ध्येय

नीति अनुसन्धान प्रतिष्ठानलाई प्रमाणमा आधारित (सुसूचित) नीति निर्माणमा अब्बल संस्थाको रूपमा स्थापित गर्नु यसको ध्येय हुनेछ ।

### लक्ष्य

नीति अनुसन्धान प्रतिष्ठानको रणनीतिक उद्देश्य भनेको सार्वजनिक नीतिका लागि विश्वसनीय, तथ्यमा आधारित तथा परिवर्तनकारी ज्ञान सिर्जना गर्नु हुनेछ ।

### मूल मान्यताहरू

**गुणस्तरीयताः** नीति अनुसन्धान प्रतिष्ठानले प्रतिष्ठानका कर्मचारी तथा शोधकर्ताहरूले तयार गर्ने शोधकार्यहरू एवम् अन्य विज्ञहरू मार्फत सम्पन्न गरिने सामग्रीहरू तथा प्राप्त हुने सेवाहरूमा गुणस्तरीयता कायम हुनेगरी कार्य गर्दछ ।

**वस्तुपरकताः** कुनै मुद्दा, विचार र विषयवस्तुलाई प्रमाणहरूको कसीमा राखेर आलोचनात्मक ढङ्गले हेर्ने प्रतिष्ठानको अभ्यास रहदै आएको छ । व्यक्तिगत पूर्वाग्रह तथा भावनात्मक अनुभूतिका कारण वस्तुपरकता कायम हुन नसक्ने अवस्था आउन नदिन प्रतिष्ठान सजग रहन्छ ।

**सत्यनिष्ठाः** प्रतिष्ठान आपसी सम्मान र सहयोग, इमानदारी र सत्यताजस्ता आधारभूत नैतिक सिद्धान्तहरूप्रति प्रतिबद्ध रहदैआएको छ । संस्थागत व्यावसायिकता कायम गर्ने, समूहगत कार्य र द्वन्द्व व्यवस्थापनमा जोड दिने तथा कृपावाद र स्वार्थको टकरावजस्ता विषयलाई रोक्ने सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सत्यनिष्ठाको दृढतापूर्वक पालना गर्दछ ।

**विविधताः** फरक सिद्धान्त, ज्ञान, अनुभव, संस्कृति, जातीयता, लिङ्ग, धर्म तथा शारीरिक क्षमताको सम्मान गर्दै र समावेशी कार्य वातावरण निर्माण गर्नेतर्फ प्रतिष्ठान कार्यरत छ । यस प्रयोजनको लागि आवश्यक पूर्वाधार निर्माणमा प्रतिष्ठान इमानदारीका साथ योग्यतामा आधारित प्रणालीको अभ्यासमा प्रयत्नशील रहन्छ ।

**पारदर्शिताः** नीति अनुसन्धान प्रतिष्ठानका क्रियाकलापहरू पारदर्शी रहन्छन् । पारदर्शिताले आफ्ना कामहरू र सोबाट प्राप्त नतिजाहरूबारे आमजनतालाई सुसूचित गराउनुका साथै उनीहरूलाई नीति अनुसन्धान प्रतिष्ठानसम्बन्धी उपयोगी सूचना खोज्न र प्राप्त गर्न प्रोत्साहित गर्दछ भन्ने मान्यतामा प्रतिष्ठानको विश्वास रहेको छ ।

**जबाफदेहिताः** प्रतिष्ठानका क्रियाकलापहरू जबाफदेहितामा आधारित रहन्छन् । आफ्ना अनुसन्धानकर्ता तथा कर्मचारीहरू उनीहरूका कामप्रति जबाफदेही रही कार्य गर्ने वातावरण कायम गर्नुपर्ने विषयमा प्रतिष्ठान अत्यन्त सजग रही कार्यरत छ । आफ्ना स्रोत-साधनहरूको विवेकशील, मितव्ययी र प्रभावकारी प्रयोगको लागि प्रतिष्ठानले सम्भव भएसम्म आवश्यक सबै उपायहरूको अवलम्बन गर्दछ ।

**सहभागिताः** नीति अनुसन्धान प्रतिष्ठानले आफ्ना कार्यहरूलाई विभिन्न उपाय र विचारहरू मार्फत थप गहन बनाउन सम्बन्धित सरोकारवालाहरूको सहभागितालाई विशेष महत्त्व प्रदान गर्दछ । अध्ययन अनुसन्धानमा रहेका कुनै पनि विषयवस्तु वा मुद्दाको बारेमा पूर्ण जानकारी प्राप्त गर्न र सम्बन्धित विषयमा जतिसक्दो धेरै क्षेत्रहरूबाट अधिकतम सुझाव सङ्कलन गर्न सरोकारवालाहरूको सहभागिता आवश्यक पर्ने विषयलाई प्रतिष्ठानले आत्मसात् गर्दछ ।

## संस्थागत संरचनाको परिवर्तन र सल्लाहकारहरूको नियुक्ति

### नीति अध्ययन केन्द्र र अन्तर्गतका कार्य क्षेत्रहरूमा परिमार्जन

प्रतिष्ठानको २०८२ वैशाख ३१ गतेको ६२औँ बोर्ड बैठकले अनुसन्धान विभाग अन्तर्गत यसअघि अभ्यासमा रहेका पाँच वटा नीति अध्ययन केन्द्रहरूलाई एकापसमा समाहित तथा पुनर्संगठित गरी निम्नानुसारका चार अनुसन्धान केन्द्रहरू कायम गरेको छ । प्रतिष्ठानले केन्द्रहरू अन्तर्गत तत्काल कायम रहेका एकाइहरूलाई सम्बन्धित केन्द्रहरूका कार्यक्षेत्रको मुख्य विषयवस्तुका रूपमा समावेश गरी र अध्ययन परियोजनाहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको नीति प्रयोगशालाको मोडेल अनुसार हुने गरी कार्यान्वयन गर्ने उद्देश्यले अध्ययन केन्द्रहरूको विद्यमान संगठन संरचना तथा कार्यक्षेत्र परिवर्तन गरेको हो ।

हाल कायम गरिएका नीति अध्ययन केन्द्र र अन्तर्गतका कार्य क्षेत्रहरू यसप्रकार छन्:

| परिमार्जित अध्ययन केन्द्रको नाम | कार्य क्षेत्र |
|---|---|
| १. आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र (Center for Economic and Infrastrucrure Development Policy) | क) आर्थिक विकास<br>ख) वाणिज्य, उद्योग, वित्तीय, मौद्रिक तथा सहकारी क्षेत्र<br>ग) पूर्वाधार विकास |
| २. शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र (Center for Governance, Federalism and Social Affairs Policy) | क) शासकीय प्रबन्ध<br>ख) सार्वजनिक सेवाप्रवाह<br>ग) सङ्घीय मामिला<br>घ) कानुनी मामिला<br>ङ) सार्वजनिक संस्थाहरू<br>च) शिक्षा, स्वास्थ्य, समाज कल्याण तथा सामाजिक सुरक्षा |
| ३. परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र (Center for Foreign and Strategic Affairs Policy) | क) अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति तथा रणनीतिक मामिला<br>ख) राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा तथा सुरक्षा निकाय/संयन्त्र<br>ग) मानव अधिकार र अन्तर्राष्ट्रिय सन्धि-सम्झौता |
| ४. प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र (Center for Natural Resources and Technology Policy) | क) कृषि, वन तथा अन्य प्राकृतिक स्रोतहरू<br>ख) पर्यावरण, वातावरण तथा जलवायु परिवर्तन<br>ग) विज्ञान, प्रविधि तथा नवप्रवर्तन<br>घ) सूचना प्रविधि तथा कृतिम बौद्धिकता (Artificial Intelligence) |

### सल्लाहकारहरूको नियुक्ति

राष्ट्रिय जीवनमा ख्यातिप्राप्त तथा प्रशासनिक, शैक्षिक, संस्थागत विकास र अनुसन्धानसम्बन्धी विशेष विज्ञता ज्ञान तथा अनुभव प्राप्त विशिष्ट व्यक्तित्वहरू प्रतिष्ठान विकास समिति सदस्य तथा सल्लाहकारको रूपमा रहने व्यवस्था छ ।


प्रतिष्ठान बोर्डको मिति २०८२ वैशाख ३१ गते बसेको ६२औँ बैठकले नीति अनुसन्धान प्रतिष्ठान विकास समिति, (गठन आदेश) २०७५ को दफा १८ अनुसार समितिले आफ्नो काममा सहयोग लिन सल्लाहकार सदस्य हुन योग्यता पुगेका

व्यक्तिहरूमध्ये बाट आवश्यक सङ्ख्यामा सल्लाहकार/सल्लाहकारहरू नियुक्त गर्न सक्ने छ भन्ने प्रावधानअनुरूप देहायका व्यक्तित्वहरूलाई कार्यसर्त तोकी तीन वर्ष कार्यकाल रहने गरी सल्लाहकारमा नियुक्त गरको छ ।

| **प्रतिष्ठानका नवनियुक्त सल्लाहकारहरू** (वर्णानुक्रमानुसार) | | | |
|---|---|---|---|
| १ | डा. जगदिशचन्द्र पोखरेल | ५ | प्रा.डा. मीन बहादुर बिष्ट |
| २ | डा. डिल्लीराज खनाल | ६ | डा. रबिना जी. रसाईली |
| ३ | प्रा.डा. बिपिन अधिकारी | ७ | प्रा.डा. राम प्रसाद चौधरी |
| ४ | श्री मधुरमण आचार्य | ८ | श्री लीलामणि पौड्याल |

यसरी नियुक्त सल्लाहकारहरूलाई नीति अनुसन्धान प्रतिष्ठानको बोर्ड बैठकमा सल्लाहाकारको रूपमा सहभागी भई बैठकका कार्यसूची तथा विषयमा गहन जानकारी, विश्लेषण र सुझाव प्रदान गर्ने; बैठकमा प्रस्तुत भएका विषयवस्तु र प्रक्रियालाई आर्थिक, सामाजिक तथा कानुनी दृष्टिकोणबाट समेत विश्लेषण गरी आवश्यक सुझाव प्रदान गर्ने; नीति अनुसन्धान प्रतिष्ठानको लक्ष्य तथा उद्देश्य प्राप्तिमा सहयोगका लागि आवश्यक सल्लाह र सुझाव प्रदान गर्ने; नेपालका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू (विशेषतः थिङ्क ट्याङ्क) का नीति निर्माण र कार्यान्वयनको अभ्यास तथा परम्पराबारे आफ्नो अनुभव र ज्ञानको आधारमा सल्लाह सुझाव दिने र प्रतिष्ठानको कार्यकारी अध्यक्षको अनुरोधमा आवश्यक सल्लाह र सुझाव प्रदान गर्ने कार्यसर्त दिइएको छ ।

नवनियुक्त सल्लाहकारहरूको सङ्क्षिप्त चिनारी निम्नानुसार छः



**डा. जगदिशचन्द्र पोखरेल**ले अमेरिकाको मासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी, केम्ब्रिजबाट क्षेत्रीय योजना (Regional Planning) मा विद्यावारिधि गर्नुभएको छ । उहाँले युनिभर्सिटी अफ हवाई, मानोआबाट सहरी तथा क्षेत्रीय योजनामा मास्टर्स र ग्रीसको एरिस्टोटल युनिभर्सिटी अफ थेस्सालोनिकीबाट वास्तुकलामा स्नातक उपाधि प्राप्त गर्नुभएको छ ।

उहाँ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा पाँच वर्षभन्दा बढी समय उक्त आयोगका सदस्य रहनुभएको थियो । उपाध्यक्षको रूपमा उहाँले नेपालमा द्वन्द्वपछिको पुनर्निर्माण र राष्ट्रिय विकास योजना कार्यान्वयनको नेतृत्व गर्नुभएको थियो भने योजना आयोगमा सामेल हुनुअघि उहाँले नेपाल सरकारका सल्लाहकार र संयुक्त राष्ट्र संघका एजेन्सीहरू, विश्व बैंक र एसियाली विकास बैंकजस्ता अन्तर्राष्ट्रिय निकायहरूमा समेत सल्लाहकारको रूपमा कार्य गर्नुभएको थियो ।

डा. पोखरेल नेपाल सरकारका उच्चस्तरीय कार्यदल र आयोगहरूको सदस्य रहनुभएको छ, जसमा उच्चस्तरीय विकेन्द्रीकरण आयोग, मध्य तथा सुदूरपश्चिम विकास क्षेत्रको समग्र विकास, दलित उत्थान रणनीति तयारी समिति र जनजाति उत्थान रणनीति तयारी समिति रहेका छन् । उहाँको रुचिका क्षेत्रहरूमा विकेन्द्रीकृत शासन, क्षेत्रीय विकास योजना र वातावरणीय व्यवस्थापन पर्दछन् ।



**डा. डिल्लीराज खनाल** पूर्वविधायक तथा राष्ट्रिय योजना आयोगका पूर्वसदस्य हुनुहुन्छ । उहाँ सन् १९८६ मा विद्यावारिधि उपाधि आर्जनपश्चात् निरन्तर अनुसन्धान, अध्यापन र सामाजिक क्षेत्रमा क्रियाशील हुनुहुन्छ । हाल उहाँ त्रिभुवन विश्वविद्यालय अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा विद्यावारिधि तहमा अन्तर्राष्ट्रिय राजनीतिक अर्थतन्त्र अध्यापन गर्नुहुन्छ । उहाँ सन् १९९५ मा स्थापना भएको Institute for Policy Research and Development (IPRAD) को संस्थापक अध्यक्ष हुनुहुन्छ ।

डा. खनालका एकल र सयुक्त रूपमा अध्ययन-अनुसन्धान भएका विभिन्न विषयका पुस्तकहरू, नीतिसम्बन्धी लेख र प्रतिवेदनहरू प्रकाशित छन् । उहाँ यूएनडीपी र राष्ट्रिय योजना आयोगले सन् २०२० मा संयुक्तरूपमा प्रकाशन गरेको नेपालको मानव विकाससम्बन्धी प्रतिवेदन - Nepal Human Development Report २०२० को प्रमुख लेखक हुनुहुन्छ । उहाँका प्रमुख प्रकाशनहरूमा सन् २०१७ मा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको अर्थशास्त्र केन्द्रीय विभागद्वारा प्रकाशित आत्मनिर्भर विकासको राजनीतिक अर्थतन्त्रमा नेपालले गरेको अभ्यास, सन् २०१४ मा एड्रोईट प्रकाशन (न्यु दिल्ली) ले प्रकाशन गरेको वैश्विक तथा नेपालको अर्थतन्त्रको सम्बन्धमा नीतिसम्बन्धी वास्तविक विषयलाई मूलप्रवाहीकरण गर्ने विषयको पुस्तक प्रमुख हुन् । यसैगरी, अन्य प्रमुख प्रकाशनमा सन् २०१२ मा प्रकाशित नेपालको सामाजिक संरक्षण र सुरक्षासम्बन्धी पुस्तक, सन् २०१० मा प्रकाशित दक्षिण एसियाको एकीकृत विकासका विषय र



मार्गचित्रसम्बन्धी पुस्तक, सन् २००८ मा प्रकाशित गरिबी निवारणसम्बन्धी अन्तर्गतका विदेशी आर्थिक सहयोगको प्रभावकारिता, सन् २००५ मा प्रकाशित नेपालको राजनीतिक र संस्थागत सुधारसम्बन्धी पुस्तकहरू रहेका छन् ।


**प्रा.डा. विपिन अधिकारी** वरिष्ठ संवैधानिक विशेषज्ञ र नीति विश्लेषक हुनुहुन्छ । उहाँ काठमाडौं युनिभर्सिटी स्कुल अफ ल मा कानुनका प्राध्यापक र संस्थापक डीन हुनुहुन्छ । संवैधानिक कानुनमा दिल्ली विश्वविद्यालयबाट विद्यावारिधि गर्नु भएका अधिकारी वरिष्ठ अधिवक्ता पनि हुनुहुन्छ । डा. अधिकारीको संवैधानिक कानुन र सार्वजनिक नीतिमा महत्त्वपूर्ण शैक्षिक र व्यावसायिक दखल छ । संवैधानिक कानुनबाहेक उहाँ संस्था निर्माण, मानव अधिकार, न्यायमा पहुँच, पूर्वाधार विकास, कानुनी सुधार, शासन र लोकतान्त्रीकरण प्रक्रियाको क्षेत्रमा विशेषज्ञका रूपमा चिनिनुहुन्छ ।



**श्री मधुरमण आचार्य**ले नेपाल सरकारको राजदूतको रूपमा विभिन्न मुलुकमा रही पन्ध्र वर्षभन्दा बढी कूटनीतिक तहमा कार्य गर्नुभएको छ । उहाँले नेपालका लागि संयुक्त राष्ट्र संघमा स्थायी प्रतिनिधि र विदेश सचिवको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । दुई दशकभन्दा बढी समयदेखि उहाँले कूटनीतिक वार्ता, राजनीतिक विश्लेषण, बहुपक्षीय मामिला, शान्तिरक्षा, नागरिक तथा सामान्य प्रशासन, निर्वाचन, विपद् व्यवस्थापन, मानवीय राहत, वित्तीय र राजस्व प्रशासन लगायत मानव संशाधन व्यवस्थापनमा अनुभव सङ्कलन गर्नुभएको छ ।

यसका साथै, उहाँले नेपालको अर्थ तथा गृह मन्त्रालयहरूमा दश वर्षभन्दा बढी सेवा गर्दै बजेट र राजस्व प्रशासन, विपद् व्यवस्थापन र मानव संशाधन व्यवस्थापनमा गहिरो योगदान दिनुभएको छ । उहाँले संयुक्त राष्ट्र संघीय मिशन अन्तर्गत इराक (२०१०-२०१२), कम्बोडिया (१९९२-१९९३), दक्षिण अफ्रिका (१९९४) र लाइबेरिया (१९९७) मा रही पनि कार्य गर्नुभएको छ ।

मधुरमण आचार्यले विज्ञान र सार्वजनिक प्रशासनमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ । उहाँसँग कानुनमा स्नातक उपाधि पनि छ र कूटनीति, शान्ति स्थापना, विपद् व्यवस्थापन, मानव संशाधन व्यवस्थापन र सामान्य प्रशासनजस्ता क्षेत्रमा विशेष तालिम लिनुभएको छ । उहाँका केही पुस्तकहरू प्रकाशित छन भने उहाँले पुऱ्याउनु भएको योगदानका लागि उहाँ थुप्रै पुरस्कारहरूबाट सम्मानित गर्नुभएको छ ।



**प्रा.डा. मीन बहादुर बिष्ट** शिक्षा नीतिविद् र नेपाल लगायत अन्तर्राष्ट्रिय तहसम्म प्रभाव राख्ने शैक्षिक क्षेत्रका विशेषज्ञ हुनुहुन्छ । शिक्षा प्रणालीलाई समावेशी, समतामूलक र प्रमाणमा आधारित बनाउने सन्दर्भमा उहाँसँग अनुसन्धान, नीति निर्माण र अन्तरदेशीय सहकार्यसँग सम्बन्धित दशकौं लामो अनुभव छ ।

प्रा.डा. बिष्टले त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ भने क्यालिफोर्निया विश्वविद्यालयबाट शैक्षिक नेतृत्व र नीति अध्ययनमा फुलब्राइट स्कलरको रूपमा स्नातकोत्तर र त्यसपछि सोही विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा कार्य गर्नुअघि उहाँले झण्डै दुई दशक त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र संकायमा प्राध्यापन गर्नुभएको थियो । उक्त अवधिमा उहाँले शिक्षण, अनुसन्धान निर्देशन तथा विद्यावारिधि तहको सुपरिवेक्षण कार्यमा संलग्न रही नेपालका शिक्षक तथा नीति निर्माताको शैक्षिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउनुभएको थियो ।

उहाँले एसिया-प्रशान्त क्षेत्रभित्रका युनेस्कोका विभिन्न कार्यालयहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको छ । उहाँ युनेस्को बेइजिङ कार्यालयमा पूर्वी एसियाली देशहरूको शिक्षा क्षेत्र हेर्ने गरी शिक्षा प्रमुखका रूपमा हुनुहुन्थ्यो भने युनेस्कोको बैंकक कार्यालयमा सबैका लागि शिक्षा (Education for All – EFA) कार्यक्रम तथा समावेशी गुणस्तरीय शिक्षा हेर्ने विभागको नेतृत्वमा हुनुहुन्थ्यो । त्यसै गरी, उहाँले युनेस्को दिल्ली कार्यालयमा दक्षिण एसियाका लागि प्रमुखको रूपमा कार्यभार समेत सम्हाल्नु भएको थियो । यी भूमिकाहरूमा रहँदा उहाँले सम्बन्धित देशका शिक्षा मन्त्रालयहरू, शैक्षिक संस्था र सरोकारवाला निकायहरूसँग मिलेर शिक्षाका क्षेत्रीय पहलहरूलाई कार्यान्वयन गर्न महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो । उहाँको नेतृत्वमा सबैका लागि शिक्षाको र दिगो विकास लक्ष्य ४ को प्रवर्धनमा विशेष योगदान पुगेको थियो ।

नेपालमा शिक्षा नीति निर्माणको प्रक्रियामा पनि प्रा.डा. विष्टको सक्रियता महत्त्वपूर्ण रहेको छ । उहाँ उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५४) र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०७५) को सदस्य र राष्ट्रिय शिक्षा नीति (२०७६) मस्यौदा समितिका सदस्य हुनुहुन्थ्यो । यस्तै, नेपालको एसएलसी परीक्षा प्रणालीसम्बन्धी उहाँको अध्ययनले विद्यार्थीको उपलब्धि, मूल्याङ्कन पद्धति र प्रणालीगत कमजोरीहरूबारे गहिरो विश्लेषण प्रस्तुत गर्दै राष्ट्रिय बहस र नीति सुधारको थालनी गराएको थियो ।



**डा. रबिना जी. रसाईली**ले सन् २०१२ मा चीनको बेजिङस्थित चाइना एग्रिकल्चरल युनिभर्सिटीबाट ग्रामीण विकास तथा व्यवस्थापन अध्ययन (Rural Development and Management Studies) मा विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको हो । उहाँले सरकारका विभिन्न निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, दातृ निकाय तथा विकास साझेदारहरू लगायत निजी कम्पनीहरूमा १६ वर्षभन्दा बढी समय विकासको क्षेत्रमा कार्य गर्नुभएको छ ।

दिगो जीविकोपार्जन र गरिबी न्यूनीकरण, ज्ञान व्यवस्थापन तथा सञ्जाल विस्तार, आर्थिक सशक्तिकरण र ग्रामीण विकास, योजना, अनुगमन तथा मूल्याङ्कन, प्राकृतिक स्रोत व्यवस्थापन, कार्यक्रम तथा परियोजना व्यवस्थापन, अनुसन्धान र प्रकाशन उहाँका अनुभव र रुचिका क्षेत्रहरू हुन् । डा. रसाइलीले नेपालका विभिन दुर्गम पहाडी तथा तराईका थुप्रै जिल्लाहरूमा रही काम गर्नुभएको छ ।



**प्रा.डा. राम प्रसाद चौधरी** त्रिभुवन विश्वविद्यालयका प्रोफेसर एमेरिटस तथा व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालयका पूर्वकार्यकारी निर्देशक हुनुहुन्छ । उहाँले सन् १९८८ मा सोभियत संघको विज्ञान प्रतिष्ठान अन्तर्गतको कोमारोव बोटानिकल इन्स्टिच्युटबाट वनस्पति वर्गीकरण विषयमा जीवविज्ञानको विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको छ ।

प्राध्यापक चौधरीले सन् २००५ को जुनदेखि २००६ को मेसम्म नेपाल सरकारको राष्ट्रिय योजना आयोगको सदस्यको रूपमा कार्य गर्नुभएको थियो । उक्त अवधिमा कृषि, वन, स्थानीय विकास तथा ग्रामीण पूर्वाधारजस्ता महत्त्वपूर्ण क्षेत्रहरूको नीति निर्माण र योजना प्रक्रियामा उहाँले सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो । विज्ञान तथा प्रविधिको प्रगतिमा योगदान पुऱ्याउने उद्देश्यले डा. चौधरीले त्रिभुवन विश्वविद्यालयमा विभिन्न पुरस्कारहरू र छात्रवृत्तिहरू स्थापना गर्नुभएको छ । उहाँको अनुसन्धान कार्य क्षेत्रमा संरक्षण जीवविज्ञान, वनस्पति वर्गीकरण, वनस्पति र स्थानीय ज्ञान, वातावरणीय मुद्दाहरू, वनस्पति आनुवंशिक स्रोत, जैविक विविधताको मूल्याङ्कन, र नीतिगत विश्लेषण प्रमुख रहेका छन् ।

प्रमुख अनुसन्धानकर्ता वा टोली प्रमुखका रूपमा उहाँले थुप्रै शैक्षिक परियोजनाहरूको सफलतापूर्वक नेतृत्व गर्नुभएको छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त अनुदानको व्यवस्थापन गर्नुका साथै उहाँले जैविक विविधतासम्बन्धी कार्य तथा प्रतिवेदन तयारीको नेतृत्वसमेत गर्नुभएको छ । शैक्षिक मार्गदर्शनमा समेत उहाँको अनुभव उल्लेखनीय छ । डा. चौधरीले नेपाल तथा अन्तर्राष्ट्रिय स्तरका थुप्रै विद्यावारिधि विद्यार्थीहरूका साथै स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूलाई मार्गदर्शन गर्नुभएको छ । उहाँले उहाँको ज्ञान, अनुभव र अनुसन्धानका रुचिसँग पूर्णतः मेलखाने विषयहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सत्तरीभन्दा बढी अनुसन्धानपत्रहरू प्रकाशन तथा प्रस्तुति गर्नुभएको छ ।



**श्री लीलामणि पौड्याल**ले त्रिभुवन विश्वविद्यालयबाट व्यापार प्रशासनमा स्नातकोत्तर तहको अध्ययन गर्नुभएको छ भने नेपालको निजामती सेवामा विभिन्न पदमा रही ३२ वर्ष कार्य गर्नुभएको छ । पौड्याल नेपाल सरकारको पूर्व मुख्य सचिव हुनुहुन्छ भने उहाँले चीनका लागि राजदूत र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको सचिव भई काम गर्नुभएको छ ।

उहाँले चीनको ल्हासामा नेपालको महावाणिज्य दूत भई समेत काम गर्नुभएको छ । पछिल्लो समयमा श्री पौड्याल नदी सरसफाई, सामाजिक कार्य, विश्वविद्यालयहरूमा सार्वजनिक नीति, परराष्ट्र नीति, सुशासन, नेतृत्व, सकारात्मक सोचजस्ता विषयहरूमा प्रवचन लगायत तालिमहरूमा संलग्न हुनुहुन्छ । उहाँले समसामयिक विषयहरूमा पत्रपत्रिका मार्फत आफ्ना विचारहरू व्यक्त गर्दै आउनुभएको छ भने सामाजिक संवाद गर्ने, अन्तर्वार्ता दिने र विभिन्न सार्वजनिक चासोका अन्तरक्रियाहरूमा संलग्न पनि हुँदै आउनुभएको छ ।

# जनशक्ति विस्तार

केही समयअघि देखि प्रतिष्ठानमा वरिष्ठ सहायकदेखि वरिष्ठ अनुसन्धानकर्ताहरूसम्मका केही पद र प्रतिष्ठानको गठन आदेश अनुसार भर्ना गरिनुपर्ने इन्टर्नहरूको पदहरू रिक्त रहेको सन्दर्भमा प्रतिष्ठानले विभिन्न समयमा (२०८१ मङ्सिर १० गते - अनुसन्धान समूहका १० पदका लागि; २०८१ पुस २६ - इन्टर्नशिपको ९ पदको लागि; २०८१ पुस २६ गते - सूचना तथा ज्ञान व्यवस्थापन विभाग अन्तर्गत रहने गरी १ पद र आर्थिक प्रशासन र सामान्य प्रशासन अन्तर्गत रहने गरी अर्को १ पद गरी जम्मा दुई पदको लागि र २०८२ वैशाख १७ गते सूचना तथा ज्ञान व्यवस्थापन विभागको सहअनुसन्धानकर्ता १ र अनुसन्धान विभागको लागि विश्लेषक १ पद गरी दुई पदहरूको लागि) विज्ञापन गरी यस अवधिमा जम्मा निम्नानुसारका २५ जना अनुसन्धानकर्ता, कर्मचारी र इन्टर्नहरूको नयाँ नियुक्ति गऱ्यो ।

| पद | नाम | विभाग/केन्द्र |
|---|---|---|
| वरिष्ठ अनुसन्धानकर्ता | डा. मोहन कुमार शर्मा | सूचना तथा ज्ञान व्यवस्थापन |
| अनुसन्धानकर्ता | अशोक पाण्डे | शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र |
| | डा. निरन्जन देवकोटा | आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र |
| | डा. हरि प्रकाश चन्द | परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र |
| | डा. सुबास अधिकारी | प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र |
| | डा. प्रदिप पन्थी | आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र |
| सहअनुसन्धानकर्ता | डा. महेश्वर गिरी | आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र |
| | डा. प्रभात राज दाहाल | प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र |
| | गोपाल आचार्य | शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र |
| | दिपेन्द्र प्रसाद पन्त | सूचना तथा ज्ञान व्यवस्थापन विभाग |
| विश्लेषक | डा. देजिना थापा | अनुसन्धान विभाग |
| | सोनिया बस्याल | सूचना तथा ज्ञान व्यवस्थापन विभाग |
| | प्राञ्जल रिजाल | सूचना तथा ज्ञान व्यवस्थापन विभाग |
| वरिष्ठ सहायक | गीता न्यौपाने | व्यवस्थापन विभाग |
| | पर्वत भट्टराई | सूचना तथा ज्ञान व्यवस्थापन विभाग |
| | मिलन श्रेष्ठ | अनुसन्धान विभाग |
| इन्टर्न | आयुष्का के. सी. | सूचना तथा ज्ञान व्यवस्थापन विभाग |
| | आशिष भण्डारी | सूचना तथा ज्ञान व्यवस्थापन विभाग |
| | कुमारी अलिका | शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र |
| | जुना श्रेष्ठ | परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र |
| | धिरज भट्ट | अनुसन्धान विभाग |
| | बलिहाङ लिम्बु | शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र |
| | विजय कोइराला | अनुसन्धान विभाग |
| | सतिस सापकोटा | आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र |
| | स्नेही रिजाल | प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र |

नवनियुक्त अनुसन्धानकर्ता, कर्मचारी र इन्टर्नहरूको संक्षिप्त पेसागत चिनारी तल दिइएको छः

## वरिष्ठ अनुसन्धानकर्ता



**डा. मोहन कुमार शर्मा**ले त्रिभुवन विश्वविद्यालयबाट स्वास्थ्य शिक्षामा विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । स्वास्थ्य तथा शिक्षाका राष्ट्रिय नीति र अभ्यास; खानेपानी, स्वास्थ्य र सरसफाइ; बाल, छिटो र जबरजस्ती विवाह, डिमेन्सिया र बुढ्यौली, पोषण, आहार अभ्यास, यौन तथा प्रजनन स्वास्थ्य अधिकार, बृहत् यौन शिक्षा; किशोर स्वास्थ्य र अपाङ्गता भएका व्यक्तिहरूको लागि यौन शिक्षा र एच.आई.भी. ⁄ एड्सका अनुसन्धान कार्यमा उहाँको १० वर्षको अनुभव रहेको छ । यी कार्यहरू मार्फत डा. शर्माले नयाँ-नयाँ प्रविधि तथा टेलीहेल्थले अति जटिल अवरोध कसरी कम गर्न सक्दछ भन्नेबारे अध्ययन गर्नुभएको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलहरूमा उहाँका दुई दर्जन बढी शोध लेखहरू प्रकाशित भएका छन् । हाल उहाँ प्रतिष्ठानको सूचना तथा ज्ञान व्यवस्थापन विभाग प्रमुख रहनुभएको छ ।

## अनुसन्धानकर्ता



**अशोक पाण्डे**ले भारतको राजीव गान्धी विश्वविद्यालय, बैङ्गलोरबाट स्नातकोत्तर र फिनल्याण्डको ट्याम्पुरे विश्वविद्यालय र चिकित्साशास्त्र अध्ययन संस्थानबाट डिप्लोमा कोर्स अध्ययन गर्नुभएको हो । उहाँले मेटा-विश्लेषण र लिभिङ सिस्टेमेटिक रिभ्यु (युनिभर्सिटी अफ कटनिया, इटाली) तथा क्लिनिकल ट्रायल र आचारसंहिता (आइसीएमआर, भारत) सम्बन्धी तालिम लिनुभएको छ ।

यसअघि पाण्डेले शासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति केन्द्रमा चार वर्षसम्म नीति अनुसन्धान प्रतिष्ठानमा सह-अनुसन्धानकर्ताको रूपमा रही नेपालमा मानसिक स्वास्थ्य नीति, स्थानीय तथा प्रादेशिक स्तरमा विधायकी कार्यसम्पादन, महामारीको पूर्वतयारी, सुशासन र नेपालमा प्रजातन्त्र संस्थागत गर्ने प्रक्रियामा केन्द्रित अनुसन्धानका काम गर्नुभएको थियो ।

पाण्डेले केएसी अनुसन्धान फेलोसिप (युके) र जलवायु परिवर्तन अनुसन्धान फेलोसिप (भारत) प्राप्त गर्नुभएको छ । हाल उहाँ प्रतिष्ठानको शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्रमा अनुसन्धानकर्ताको रूपमा कार्यरत हुनुहुन्छ ।



**डा. निरन्जन देवकोटा**ले २०१८ मा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको हो । डा. देवकोटाले जलवायु परिवर्तन अनुकूलन, कृषि, गरिबी, जोखिम, श्रम बजार र व्यावहारिक अर्थशास्त्रमा विशेषज्ञता हासिल गर्नुभएको छ ।

उहाँले राष्ट्रिय योजना आयोगमा अनुसन्धान सहयोगी, मध्यपश्चिम विश्वविद्यालय र नेपाल खुला विश्वविद्यालयमा अतिथि प्राध्यापक र काठमाडौं उपत्यकाका विभिन्न शैक्षिक संस्थाहरूमा अनुसन्धान प्रमुखको रूपमा काम गर्नुभएको थियो । अनुसन्धान र परामर्श भूमिकामा १५ वर्षभन्दा बढीको अनुभव बटुल्नु भएका डा. देवकोटाले सरकारी र गैरसरकारी परियोजनाहरूमा रही अनुसन्धान कार्य पनि गर्नुभएको छ । डा. देवकोटाका अर्थशास्त्र अनुसन्धान पद्धतिमा केन्द्रित पुस्तकहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा अनुक्रमित जर्नलहरूमा धेरै अनुसन्धानपत्र र लेखहरू प्रकाशित छन् । हाल उहाँ नीति अनुसन्धान प्रतिष्ठानको आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्रमा अनुसन्धानकर्ताको रूपमा कार्यरत हुनुहुन्छ ।



**डा. हरि प्रकाश चन्द**ले त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिमा विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको छ। त्रिभुवन विश्वविद्यालयले उहाँलाई अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिमा पहिलो विद्यावारिधिको उपाधि प्रदान गरेको हो । डा. चन्दको प्राज्ञिक र प्रशासनिक गरी विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूमा १६ वर्षको कार्यानुभव रहेको छ । उहाँले एसियन जर्नल अफ इन्टरनेशनल अफेयर्सको संस्थापक प्रधान सम्पादक भएर पनि कार्य गरिसक्नुभएको छ भने उहाँका लेख, रचनाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा प्रकाशित छन् ।

हाल उहाँ नीति अनुसन्धान प्रतिष्ठानको परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्रमा अनुसन्धानकर्ताको रूपमा कार्यरत हुनुहुन्छ ।



**डा. सुबास अधिकारी**ले भारतको पुने विश्वविद्यालयबाट भौतिकशास्त्रमा स्नातकोत्तर र दक्षिण कोरियाको सन्क्युन्क्वाङ विश्वविद्यालयबाट विद्यावारिधि गर्नुभएको छ ।

उहाँ स्नातकोत्तरपश्चात् कोरियाको सन्क्युन्क्वाङ विश्वविद्यालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट) र अन्य अनुसन्धान निकायहरूमा रहेर भौतिक विज्ञानको अनुसन्धान र विकासमा संलग्न हुँदै आउनुभएको छ। अध्ययन र अनुसन्धानको क्रममा डा. अधिकारीले अन्तर्राष्ट्रिय स्तरमा सन्क्युन अनरेबल छात्रवृत्ति, सिल्भर जुब्ली छात्रवृत्ति र The World Academy of Sciences Fellowship for Research and Advanced Training जस्ता विभिन्न छात्रवृत्ति तथा फेलोसिप अवसरहरू प्राप्त गर्नुभएको छ । उहाँ हाल नीति अनुसन्धान प्रतिष्ठानको प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्रमा अनुसन्धानकर्ताको रूपमा कार्यरत हुनुहुन्छ ।



**डा. प्रदिप पन्थी**ले जापानको नागोया विश्वविद्यालयको ग्रयाजुएट स्कुल अफ इन्टरनेशनल डिभलपमेन्टबाट अन्तर्राष्ट्रिय विकास विषयमा विद्यावारिधि हासिल गर्नुभएको छ । उक्त ग्रयाजुएट स्कुलमा उहाँले शिक्षण सहायकको रूपमा पनि कार्य गर्नुभएको थियो । उहाँले त्रिभुवन विश्वविद्यालयबाट व्यवसाय अध्ययनमा स्नातक तथा स्नातकोत्तर डिग्री प्राप्त गर्नुभएको छ ।

यसअघि उहाँले एसियाली विकास बैंकमा परामर्शदाता तथा अनुसन्धान सहयोगीका रूपमा कार्य गर्नुभएको थियो । बैंक तथा वित्तीय क्षेत्र, कर्पोरेट क्षेत्रका व्यवस्थापकीय तथा मध्यम तहका पेसा र नेपालका विश्वविद्यालयहरूमा उहाँको उल्लेखनीय कार्यानुभव रहेको छ। उहाँका अनुसन्धानहरू मुख्य रूपमा व्यापार, लगानी र वित्तमार्फत आर्थिक विकास; संस्थागत र नीतिगत व्यवस्थापनमार्फत विकास तथा अन्तर्राष्ट्रिय पुँजी प्रवाहको गतिशीलतामा केन्द्रित छन् । डा. पन्थी हाल नीति अनुसन्धान प्रतिष्ठानको आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्रमा अनुसन्धानकर्ताको रूपमा कार्यरत हुनुहुन्छ ।

## सहअनुसन्धानकर्ता



**डा. महेश्वर गिरी** भारतको दिल्लीस्थित साउथ एसियन विश्वविद्यालयबाट विकास अर्थशास्त्रमा स्नातकोत्तर तथा विद्यावारिधि उपाधि प्राप्त हुनुहुन्छ । उहाँले सूक्ष्म अर्थशास्त्र, वातावरणीय अर्थशास्त्र, र इकोनोमेट्रिक्समा स्नातक र स्नातकोत्तर तहमा अध्यापन गर्नुभएको छ । सर्वेक्षण डिजाइन, इकोनोमेट्रिक्स, डाटा विश्लेषण र प्रभाव मूल्याङ्कनमा विशेषज्ञता राख्ने गिरीको अनुसन्धानहरू कृषि, भूमि सम्बन्ध, ग्रामीण जीविकोपार्जन, ऊर्जा रूपान्तरण र बजार गतिशीलताजस्ता विषयहरूमा केन्द्रित छन् । हाल उहाँ नीति अनुसन्धान प्रतिष्ठानको आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्रमा सहअनुसन्धानकर्ताको पदमा कार्यरत हुनुहुन्छ ।



**डा. प्रभात राज दाहाल**ले म्यारी क्युरी फेलोसिप अन्तर्गत इटालीको सापिएन्जा युनिभर्सिटी अफ रोमबाट वातावरणीय र विकासात्मक जीवविज्ञानमा विद्यावारिधि गर्नुभएको हो । डा. दाहालले वातावरण संरक्षण योजना, जलवायु अनुकूलन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्नुभएको छ । रिमोट सेन्सिङ, स्थलीय मोडलिङ र पृथ्वी अवलोकन तथ्याङ्कको प्रयोगमा विशेषज्ञता हासिल गरेका दाहालका अनुसन्धानहरू वैज्ञानिक जर्नलहरूमा प्रकाशित छन् । उहाँका कार्यहरू वैज्ञानिक अनुसन्धान, नीति निर्माण र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियाको संयोजन हुने बहुविधागत दृष्टिकोणबाट वैश्विक वातावरणीय चुनौतीहरूलाई सम्बोधन गर्नेतर्फ केन्द्रित छन् । उहाँ हाल नीति अनुसन्धान प्रतिष्ठानको प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्रमा सहअनुसन्धानकर्ताको रूपमा कार्यरत हुनुहुन्छ ।



**गोपाल आचार्य**ले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्र र अङ्ग्रेजी शिक्षा विषयमा स्नातकोत्तर उपाधि प्राप्त गर्नुभएको छ । उहाँसँग विभिन्न निजी/गैरसरकारी तथा सार्वजनिक/सरकारी संघसंस्थाहरूमा रहेर अनुसन्धानका क्षेत्रमा कार्य गरेको अठार वर्षभन्दा बढीको अनुभव छ ।

अनुसन्धाता आचार्यले प्राज्ञिक तथा समसामयिक विषयवस्तुमा आधारित सातवटा पुस्तकहरूको प्रकाशन र एउटा बहु-विधागत विज्ञ समीक्षित जर्नलको सम्पादन गर्नुका साथै विभिन्न राष्ट्रिय जर्नलहरूमा अनुसन्धानमूलक लेखहरू प्रकाशित गर्नुभएको छ । उहाँको एकल तथा सामूहिक योगदानमा शिक्षा, स्वास्थ्य तथा कानुनी मामिला लगायत विभिन्न क्षेत्रका एक दर्जनभन्दा बढी

अनुसन्धान प्रतिवेदनहरू प्रकाशित छन् । हाल उहाँ नीति अनुसन्धान प्रतिष्ठानको शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्रमा सहअनुसन्धानकर्ताको रूपमा कार्यरत हुनुहुन्छ ।



**दिपेन्द्र प्रसाद पन्त**ले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्य र समाजशास्त्रमा स्नातकोत्तर तहको अध्ययन गर्नुभएको छ । उहाँसँग शिक्षणलगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय तहका सङ्घसंस्था, कम्पनी र नीति अनुसन्धानमा समेत गरी सत्ताइस वर्ष लामो पेसागत कार्यानुभव छ । उहाँ नीति अनुसन्धान, परिणाममा आधारित परियोजना व्यवस्थापन, परियोजना निर्माण, अनुगमन र मूल्याङ्कनमा विशेष दखल राख्नुहुन्छ । उहाँका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका जर्नलमा लेखहरू र नीति अनुसन्धानमा आधारित पुस्तकहरू लगायत पुस्तकका परिच्छेदहरू प्रकाशित छन् । हाल उहाँ नीति अनुसन्धान प्रतिष्ठानको सूचना तथा ज्ञान व्यवस्थापन विभागमा सहअनुसन्धानकर्ताको पदमा कार्यरत हुनुहुन्छ ।

## विश्लेषक



**डा. देजिना थापा**ले द चाइनीज युनिभर्सिटी अफ हङकङबाट नर्सिङमा विद्यावारिधि प्राप्त गर्नुभएको छ । त्यसअघि उहाँले भारतको दिल्ली विश्वविद्यालयबाट मेडिकल एण्ड सर्जिकल नर्सिङमा स्नातकोत्तर उपाधि प्राप्त गर्नुभएको थियो । उहाँसँग नसर्ने घातक रोगहरू, आपत्कालीन अवस्था तथा विपद् जोखिम व्यवस्थापन, स्वास्थ्य सेवा र नीति अनुसन्धान तथा कार्यान्वयन विज्ञानजस्ता विषयमा विशेषज्ञता रहेको छ ।

उहाँको अनुसन्धान कृतिहरू अन्तर्राष्ट्रियस्तरका विभिन्न जर्नलहरूमा प्रकाशित छन् भने उहाँले विभिन्न छात्रवृत्ति तथा पुरस्कारहरू पनि प्राप्त गर्नुभएको छ । उहाँले वैज्ञानिक जर्नलहरूमा समीक्षकका रूपमा पनि सक्रिय रूपमा योगदान दिँदै आउनुभएको छ । हाल उहाँ नीति अनुसन्धान प्रतिष्ठानको अनुसन्धान विभागमा विश्लेषक पदमा कार्यरत हुनुहुन्छ ।



**सोनिया बस्याल**ले कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवनबाट कृषि अर्थशास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ । अनुसन्धान डिजाइन, गणनात्मक र गुणात्मक तथ्याङ्क सङ्कलन र विश्लेषण, परियोजना अनुगमन र मूल्याङ्कन, प्रतिवेदन लेखन र समीक्षामा अनुभव राखें उहाँले यसअघि प्रतिष्ठानमै अनुसन्धान इन्टर्नको रूपमा पनि काम गर्नुभएको थियो ।

उहाँले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित अनुसन्धान परियोजनाहरूका साथै त्यस्ता संस्थाहरूबाट आयोजित अनुसन्धानमा-आधारित अन्य कार्यमा संलग्न भएर अनुभव हासिल गर्नुभएको छ । उहाँले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँगको सहकार्यमा 'दायित्व नेपाल' बाट प्रदान गरिएको सार्वजनिक नीति फेलोसिप अन्तर्गत रहेर पनि नीति अनुसन्धानको कार्य गर्नुभएको थियो । हाल उहाँ नीति अनुसन्धान प्रतिष्ठानको सूचना तथा ज्ञान व्यवस्थापन विभागमा विश्लेषक पदमा कार्यरत हुनुहुन्छ ।



**प्राञ्जल रिजाल**ले भारतको काशी हिन्दू विश्वविद्यालयबाट कृषि अर्थशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गर्नुभएको छ । रिजालसँग गणनात्मक तथा गुणात्मक अनुसन्धान, तथ्याङ्क व्यवस्थापन, अनुसन्धान तथा साङ्ख्यिकीय डिजाइनका साथै अनुसन्धान परियोजनाको योजना, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा विभिन्न संस्थाहरूमा रहेर काम गरेको अनुभव छ ।

कृषि, प्राकृतिक स्रोत व्यवस्थापन, अर्थतन्त्रका विषयवस्तुहरू, दिगो विकास र जोखिम व्यवस्थापनजस्ता विषयमा रूचि राख्ने उहाँ हाल नीति अनुसन्धान प्रतिष्ठानको सूचना तथा ज्ञान व्यवस्थापन विभागमा विश्लेषक पदमा कार्यरत हुनुहुन्छ ।

## वरिष्ठ सहायक



**गीता न्यौपाने**ले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन सङ्कायमा स्नातकोत्तर तहको उपाधि हासिल गर्नुभएको छ। वरिष्ठ सहायकको पदमा रही करिब १२ वर्ष कार्यानुभव हासिल गर्नुभएको न्यौपानेसँग खास गरी सरकारी प्रशासनिक कार्यहरूको प्रभावकारी कार्यान्वयन, आन्तरिक प्रशासन, अभिलेख व्यवस्थापन र कर्मचारी प्रशासनमा कार्य गरेको अनुभव छ। हाल उहाँ नीति अनुसन्धान प्रतिष्ठानको व्यवस्थापन विभागमा वरिष्ठ सहायकको पदमा कार्यरत हुनुहुन्छ।



**पर्वत भट्टराई**ले त्रिभुवन विश्वविद्यालयबाट कम्प्युटर इन्जिनियरिङमा स्नातक उपाधि हासिल गर्नुभएको छ। तथ्याङ्क विश्लेषण, सफ्टवेयर प्रणाली र आर्थिक मोडेलिङमा अनुभव राख्ने उहाँमा विकास अर्थशास्त्र, विपद् तयारी र सुशासन विश्लेषणजस्ता विषयवस्तुमा प्रविधिलाई जोडी अनुसन्धान गर्ने रुचि छ। उहाँ नीति अनुसन्धान प्रतिष्ठानको सूचना तथा ज्ञान व्यवस्थापन विभागमा वरिष्ठ सहायकको पदमा कार्यरत हुनुहुन्छ।



**मिलन श्रेष्ठ**ले शंकरदेव क्याम्पसबाट व्यवस्थापनमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ। उहाँसँग तथ्याङ्क र यसको प्रयोग, सार्वजनिक सेवाका प्रशासनिक प्रणालीहरू र आर्थिक प्रशासनसम्बन्धी करिब तीन वर्षको कार्यानुभव छ। उहाँ समूह कार्यमा विश्वास राख्नुहुन्छ भने नयाँ ज्ञान र सीपहरू सिक्न सधैं उत्सुकता देखाउनुहुन्छ। हाल उहाँ नीति अनुसन्धान प्रतिष्ठानको अनुसन्धान विभागमा वरिष्ठ सहायकको पदमा कार्यरत हुनुहुन्छ।

## इन्र्टन

**आयुष्का के. सी.** ले KIIT विश्वविद्यालय, भारतबाट कम्प्युटर अप्लिकेशनमा स्नातक र सोही विश्वविद्यालयबाट ग्रामीण व्यवस्थापनमा एमबीए तहको अध्ययन गर्नुभएको छ। उहाँले भारत र नेपालमा शिक्षा, सुशासन तथा एफपीओ-आधारित कृषि विकासमा काम गर्नुभएको छ भने ग्रामीण व्यवस्थापन, डिजिटल ज्ञान प्रणाली र डिजिटल सम्पत्ति व्यवस्थापन र सम्बन्धित सूचना प्रणालीमा उहाँको रुचि रहेको छ।



**आशिष भण्डारी** हाल जनप्रशासन क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययरत हुनुहुन्छ। उहाँले कृषि तथा वन विश्वविद्यालय, रामपुर, चितवनबाट कृषि विषयमा स्नातकतहको अध्ययन पूरा गर्नु भएको छ। सार्वजनिक नीति विश्लेषण र सार्वजनिक बित्तमा उहाँको विशेष रुचि रहेको छ भने उहाँका केही लेखहरू जर्नलमा समेत प्रकाशित छन्।



**कुमारी अलिका** हाल काठमाडौं विश्वविद्यालयमा सार्वजनिक नीति तथा व्यवस्थापन विषयमा स्नातकोत्तर तह अध्ययनरत हुनुहुन्छ। उहाँसँग काठमाडौं महानगरपालिकामा तीन महिना परिक्षार्थीका रूपमा र राष्ट्रियस्तरको परियोजनामा गरी करिब एक वर्ष काम गरेको अनुभव छ भने राष्ट्रिय जनगणना २०७८ मा उहाँले गणकको रूपमा समेत कार्य गर्नुभएको थियो।



**जुना श्रेष्ठ** त्रिभुवन विश्वविद्यालय अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति केन्द्रीय विभागमा स्नातकोत्तर तहमा अध्ययनरत हुनुहुन्छ। उहाँसँग पत्रकारिताको झण्डै पाँच वर्षको अनुभव छ। उद्यमशीलता र सामाजिक विषयमा केन्द्रित समाचार सम्प्रेषणमा उहाँको विशेष दखल रहेको छ। अन्तर्राष्ट्रिय सम्बन्ध, रणनीतिक सञ्चार र उद्यमशीलतामा उहाँको रुचि रहेको छ।



**धिरज भट्ट**ले त्रिभुवन विश्वविद्यालय अन्तर्गतको वन विज्ञान अध्ययन संस्थानबाट सामुदायिक वन विषयमा स्नातकोत्तर तह पूरा गर्नुभएको छ । उहाँसँग सामुदायिक वन तथा वन्यजन्तु क्षेत्र खासगरी राष्ट्रिय निकुञ्जमा इन्टर्नको रूपमा कार्य गरेको अनुभव समेत रहेको छ । वन र समाजसम्बन्धी अनुसन्धानमा उहाँको विशेष रुचि छ ।



**बलिहाङ लिम्बु**ले अमृत साइन्स क्याम्पसबाट रसायनसास्त्रमा स्नातक तहको अध्ययन पूरा गर्नुभएको छ भने हाल उहाँ राजनितिसास्त्र विषयमा रत्नराज्य क्याम्पसमा स्नातकोत्तर तह र नेपाल ल क्याम्पसमा कानुन (एल.एल.बी) अध्ययरत हुनुहुन्छ । उहाँसँग राष्ट्रिय जनगणनामा गणक, डाटा प्रविष्टि अपरेटर र अन्य निजी संस्थाहरूमा तथ्याङ्क संकलकको रूपमा र शिक्षण गरी करिब १० वर्षको कार्य अनुभव छ ।




**स्नेही रिजाल**ले माटो विज्ञानमा कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट स्नातकोत्तर तह पूरा गर्नुभएको छ । उहाँले स्नातकोत्तर तहको सोधपत्र अन्तर्गत नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) मा रही अनुसन्धान सहायकको रूपमा काम समेत गर्नुभएको थियो । दिगो कृषि प्रणाली, खाद्य सुरक्षा तथा ग्रामीण जीविकोपार्जन, जलवायुमैत्री कृषि जस्ता विषयमा उहाँको विशेष रुचि छ ।



**विजय कोइराला**ले कृषि तथा वन विज्ञान विश्वविध्यालयबाट कृषि अर्थशास्त्र विषयमा स्नातकोत्तर तह पूरा गर्नुभएको छ । उहाँसँग कृषि क्षेत्रको शिक्षण र अनुसन्धान क्षेत्रको अनुभव छ भने अर्थशास्त्रका सिद्धान्त र इतिहासमा उहाँ विशेष रुचि राख्नुहुन्छ । विशेषगरी स्थानीय तहको कृषि विकास रणनीति निर्माणमा समेत उहाँसँग अनुभव छ ।



**सतिस सापकोटा**ले काठमाडौं विश्वविद्यालयबाट व्यवस्थापन र अर्थशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गर्नुभएको छ । उहाँले अर्थशास्त्र विषय अध्यापन गराउनु भएको छ भने लगानी कम्पनीमा अनुसन्धान सहायकको रूपमा कार्यानुभव हासिल गर्नुभएको छ । उहाँमा इकोनोमेट्रिक्स, विकास अर्थशास्त्र र सार्वजनिक वित्तजस्ता विषयहरू लगायत सार्वजनिक नीति निर्माण प्रक्रिया र नीति अनुसन्धानमा विशेष रुचि छ ।



## सम्पन्न भएका अध्ययन/अनुसन्धान

प्रतिष्ठानले विश्वविद्यालय, नीति अध्ययन गर्ने संस्थाहरू र अन्य समान उद्देश्य भएका सार्वजनिक प्राज्ञिक संस्थाहरू समेतको सहकार्यमा अनुसन्धान गर्दछ भने सरकारका मन्त्रालयहरू, विभागहरू र अनुसन्धान गर्ने संस्थाहरूको निकट सम्बन्धमा रहेर "विकास र परिवर्तनका लागि अनुसन्धान" भन्ने नारा अङ्गीकार गरी कार्य गर्दछ। राष्ट्रको नीति परिवर्तन र नवप्रवर्तनमा योगदान गर्ने उद्देश्यले सार्वजनिक नीतिहरूको समीक्षा गरी प्रभावकारी नदेखिएका नीतिहरूको सुधारका लागि वा नयाँ नीति तर्जुमाका लागि आवश्यक प्रमाणहरू जुटाउने कार्य प्रतिष्ठानले गर्दै आएको छ। यस अर्थमा प्रतिष्ठानले गर्ने अनुसन्धानहरू अन्य अनुसन्धानहरूभन्दा फरक हुन्छन् । यसरी गरिएका अनुसन्धानबाट प्रतिवेदन, नीति सङ्क्षेप, पुस्तक र नीति सिफारिस लगायतको रूपमा ज्ञान सामग्रीहरू प्रकाशित हुँदै आएका छन् ।

### प्रकाशित अनुसन्धान प्रतिवेदन र अन्य ज्ञान सामग्रीहरू

यस अवधिमा प्रतिष्ठान अन्तर्गतका अनुसन्धान विभाग र केन्द्रहरूका क्षेत्राधिकारभित्र पर्ने विभिन्न विषयहरूमा चालु रहेका अध्ययन अनुसन्धानमध्ये स्थानीय तहहरूमा समाजवाद उन्मुख नीति निर्माण र कार्यान्वयनसम्बन्धी चुनौती र उपायसँग सम्बन्धित एउटा सोचपत्र र बौद्धिक सम्पत्ति अधिकार संरक्षणसम्बन्धी स्रोत पुस्तिका अनलाइन तथा छापा माध्यममा प्रकाशित भए भने केही अन्य अनुसन्धानहरू सम्पन्न भई प्रकाशोन्मुख रहेका छन् ।

प्रकाशित सामग्रीहरूको सङ्क्षिप्त विवरण तल दिइएको छ। साथै, प्रकाशनको शीर्षकको दायाँतर्फ दिइएको क्युआर कोड प्रयोग गरी यस अवधिमा प्रकाशित प्रतिवेदनहरूको पूर्ण पाठ पढ्न र डाउनलोड गर्न सकिन्छ ।

## सोचपत्र

**Socialism-Oriented Policies at the Local Level in Nepal: Ideas, Challenges and Way Forward**

नेपालको संविधानको प्रावधानअनुरूप स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारहरूलाई सार्वजनिक सेवा नियमन तथा प्रदान गर्ने मात्र नभई आर्थिक, सामाजिक र विकाससम्बन्धी गतिविधिहरूमा प्रत्यक्ष रूपमा संलग्न हुने अधिकार प्रदान गरेको छ । स्थानीय सरकारहरूलाई सार्वजनिक उद्यम सञ्चालन गर्ने, सहकारी संस्था सञ्चालन गर्ने, स्थानीय स्रोत साधन परिचालन गर्ने, आधारभूत पूर्वाधार, स्वास्थ्य, शिक्षा तथा अन्य आवश्यक सेवाहरूमा लगानी गर्ने अधिकार प्राप्त भएको र संविधानले नै समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा आधार दिएको सन्दर्भमा ती प्रावधानहरूलाई स्थानीय तहहरूले कसरी व्यवहारमा उतार्न सक्छन् भन्ने विषयमा यो सोचपत्र केन्द्रित छ ।


यस सोचपत्रले समाजवादको मूल विचारलाई ऐतिहासिक परिप्रेक्ष्यमा पुनरावलोकन गर्दै नेपालका संवैधानिकरूपमा सशक्त स्थानीय सरकारहरू कसरी समाजवादमुखी रूपान्तरणका संवाहक बन्न सक्छन् भन्नेबारे राय दिएको छ । "नगर समाजवाद" का वैश्विक अनुभवहरूमा आधारित रही, नेपालका नीति तथा कानुनी संरचनाभित्र रहँदै सोचपत्रले लोकतान्त्रिक व्यवस्थापन प्रवर्धन गर्ने, सहकारी उद्यमलाई समर्थन गर्ने तथा समावेशी सेवा प्रवाहका लागि स्रोत परिचालन गर्ने रणनीतिहरू पनि प्रस्तुत गरेको छ ।

## स्रोत पुस्तिका

**नेपालमा बौद्धिक सम्पत्ति अधिकार संरक्षणसम्बन्धी व्यवस्था**

नेपालले अन्तर्राष्ट्रिय मापदण्डअनुसार बौद्धिक सम्पत्ति संरक्षण गर्न प्रतिबद्धता जनाइसकेको हालको सन्दर्भमा बौद्धिक सम्पत्तिसम्बन्धी नेपालको विद्यमान कानुनी, संस्थागत र कार्यान्वयन पक्षहरूको समग्रतामा विश्लेषण गरेको यस स्रोत पुस्तिकामा विशेष गरी प्याटेन्ट, औद्योगिक डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार, इन्टिग्रेटेड सर्किट, व्यापार गोपनीयता लगायतका प्रमुख अधिकारका आयामहरूलाई तथ्यपरक व्याख्या र विश्लेषण छ । यसका अतिरिक्त, बौद्धिक सम्पत्तिको अवधारणा, यसको औचित्य, सम्बद्ध अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू, नेपालका सम्बद्ध कानुन र नीतिहरू, कार्यान्वयन संयन्त्र तथा नेपालको सन्दर्भमा बौद्धिक सम्पत्ति संरक्षणका चुनौतीहरूको विवेचना यसमा छ ।

## नेपाल पब्लिक पोलिसी रिभ्यू (Nepal Public Policy Review) को पाँचौं संस्करणको प्रकाशन तयारी




प्रतिष्ठानले Nepal Public Policy Review (NPPR) नामक विज्ञ-समीक्षित जर्नल प्रकाशन गर्दै आएको छ। सार्वजनिक नीतिका विभिन्न विधामा गुणस्तरीय अनुसन्धानात्मक कृतिहरू प्रकाशन गरी देश विदेशका नीति सरोकारवाला तथा प्राज्ञिक वर्गमा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले यस जर्नलले नेपालको नीति सरोकारसँग सम्बन्धित रहेका र आवश्यक गुणस्तर कायम भई विज्ञ समीक्षाबाट प्रकाशनयोग्य भनी राय प्राप्त भएका सामग्रीहरू प्रकाशित गर्दै आएको छ । जर्नलका हालसम्म चार वटा संस्करणका भौतिक प्रतिहरू समेत गरी जम्मा ५१ वटा लेखहरू प्रकाशित छन् ।

यस जर्नलको कार्यकारी सम्पादक डा. दीपक कुमार खड्का रहनुभएको छ भने सम्पादक मण्डलका अन्य सदस्यहरूमा (वर्णानुक्रम अनुसार) त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी., नेपाल सरकारका पूर्वसचिव डा. तीर्थ ढकाल, गण्डकी विश्वविद्यालयका उपकुलपति प्रा.डा. नव राज देवकोटा, नीति अनुसन्धान प्रतिष्ठानका पूर्वकार्यकारी अध्यक्ष डा. बिष्णु राज उप्रेती, परराष्ट्रविद् डा. राजन भट्टराई, पूर्वपरराष्ट्र मन्त्री डा. विमला राई पौड्याल, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष तथा भारतका लागि नेपाली राजदुत डा. शंकर शर्मा, त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानका पूर्वसहायक डिन प्रा.डा. शरद वन्त, क्लार्क युनिभर्सिटी संयुक्त राज्य अमेरिकाका प्राध्यापक डा. सुप्रभा बानिया,

नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्व पौडेल र क्यानबेरा विश्वविद्यालय अस्ट्रेलियाका प्राध्यापक डा. हेमन्त ओझा रहनुभएको छ ।

जर्नलको पाँचौं संस्करण प्रकाशनको तयारी चालु छ । यस जर्नलको वेबसाइट www.nppr.org.np मा गई जर्नलको अघिल्ला अङ्कहरू अध्ययन गर्न सकिन्छ भने लेखहरूसमेत यही माध्यम मार्फत पनि प्रकाशनको लागि सम्प्रेषण गर्न सकिन्छ ।

## चालु अध्ययनहरू

निम्नानुसारका अनुसन्धानहरू यस अवधिमा चालु रहे भने चालु अनुसन्धानहरूमध्ये केही अनुसन्धान प्रतिवेदनहरू आन्तरिक समीक्षा तथा प्रकाशनको तहमा रहे ।

| क्र. सं. | नीति अध्ययन केन्द्र | परियोजना |
|---|---|---|
| १ | आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र | १.१ जलविद्युत् विकास नीति २०५८ को समीक्षा |
| | | १.२ नेपाली अर्थतन्त्रको बहुआयामिक क्षेत्रः पूर्वाधार निर्माण, कृषि, उद्योग, पर्यटन तथा सार्वजनिक सेवा प्रवाह |
| | | १.३ Transforming Nepal through structural reforms (संरचनागत सुधार मार्फत नेपालको रूपान्तरण - सम्पादित सँगालो) |
| | | १.४ Infrastructure and economic development in Nepal: How to activate the linkages? |
| | | १.५ Efficiency and effectiveness of public expenditure management system in Nepal: Review of performance and way forward |
| | | १.६ Sustainable and environment-friendly extraction of riverine quarry and construction materials |
| | | १.७ नेपालको आर्थिक वृद्धिमा मौद्रिक नीति र वित्त नीतिबिचको सामञ्जस्यतासम्बन्धी अध्ययन |
| | | १.८ औद्योगिक विकास रणनीतिको तर्जुमाका लागि आधार-पत्रको तयारी |
| २ | शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र | २.१ नेपालमा निर्वाचन प्रणाली तथा व्यवस्थापन प्रक्रिया सुधार |
| | | २.२ सङ्घीय लोकतान्त्रिक नेपालमा निर्वाचन अभ्यासः चुनौती र समाधानका उपायहरू |
| | | २.३ विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकको पेसागत विकास |
| | | २.४ नेपालमा सङ्घीयताको कार्यान्वयनः अवसर र चुनौती (सम्पादित सँगालो) |
| | | २.५ दिगो विकास तथा सुशासन समितिका निर्देशनहरू कार्यान्वयन हुन नसक्नुका कारण |
| | | २.६ Prospects and challenges of e-governance in Nepal: Citizen's perspectives |
| | | २.७ Conflict of interest in legislative affairs in Nepal (Policy Brief) |
| | | २.८ Governance, resources, and capacity of school education in Nepal: Proposed integrated framework for improvement |
| | | २.९ निजामती सेवामा उत्प्रेरणाको अवस्था |
| | | २.१० Epidemic management in Nepal: An inquiry into policy issues and crisis |
| | | २.११ प्रदेश सभाको विधायिकी कार्यसम्पादन अध्ययन |
| | | २.१२ स्थानीय तहको कानुन निर्माण र सोको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन |
| | | २.१३ राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्य योजना २०७७ को समीक्षा |

| क्र. सं. | नीति अध्ययन केन्द्र | परियोजना |
|---|---|---|
| | | २.१४ रोजगारी प्रवर्धन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रयास, विद्यमान समस्या र सुधारका पक्षहरू |
| | | २.१५ नेपालमा सामाजिक सद्भाव: मधेशको सन्दर्भ |
| | | २.१६ राष्ट्रिय युवा नीति २०७२ को समीक्षा |
| | | २.१७ पिछडिएको वर्गको पहिचानका आधारहरू |
| | | २.१८ विपन्न खस आर्य पहिचानका आधारहरू |
| ३ | परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र | ४.१ नेपालमा नागरिक-सेना सम्बन्ध |
| | | ४.२ गैरपरम्परागत सुरक्षा: नेपालमा ऊर्जा सुरक्षाको परिदृश्य |
| | | ४.३ भारतको अग्निपथ योजनामा नेपाली नागरिकहरूको भर्तीको प्रश्न |
| | | ४.४ राष्ट्रिय हित, राष्ट्रिय स्वार्थ र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिगत प्रावधानहरूको तुलनात्मक अध्ययन |
| | | ४.५ गैरआवासीय नागरिकता प्राप्त नेपालीहरूलाई प्रदान गर्न सकिने आर्थिक अधिकार अन्तर्गत सम्पत्तिको अधिकारसम्बन्धी अध्ययन |
| | | ४.६ प्रस्तोता, ध्वनिअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर ाष्ट्रिय महासन्धि (रोम महासन्धि, १९६१) को विश्लेषणात्मक अध्ययन |
| ४ | प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र | ५.१ विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रणालीको राष्ट्रिय सूचीकरणको रूपरेखा |
| | | ५.२ जनस्वास्थ्य प्रयोगशाला नीति २०५९ को समीक्षा |
| | | ५.३ National policy development framework for agriculture research in Nepal |
| | | ५.४ नेपालको कृषि क्षेत्रमा विज्ञान-नीति सन्धिस्थल (science-policy interface) को अध्ययन |
| | | ५.५ नेपालको स्वास्थ्य क्षेत्रमा विज्ञान-नीति सन्धिस्थल (science-policy interface) को अध्ययन |
| | | ५.६ राष्ट्रिय बीउ बिजन नीति २०५६ को समीक्षा |
| | | ५.७ नेपालका व्यावसायिक प्रतिष्ठानहरूमा नवप्रवर्तनको क्षमता र अवस्थाको मापन |
| | | ५.८ नेपालमा भूउपयोगका सामाजिक, आर्थिक, राजनीतिक र नीतिगत आयाम: कृषि भूमिको आदर्श उपयोग निर्धारण |
| | | ५.९ नेपालमा भू-उपयोगका सामाजिक, आर्थिक, राजनीतिक र नीतिगत आयाम: समग्र भूमि नीतिको समीक्षा |
| | | ५.१० नेपालमा कृषि बीमा कार्यान्वयनको प्रभावकारिता सम्बद्ध समस्याहरू तथा समाधानका उपायहरू |
| ५ | सूचना तथा ज्ञान व्यवस्थापन विभाग | ६.१ Culture of knowledge transfer in public organizations of Nepal |
| | | ६.२ नेपालको संविधानमा दलितका लागि व्यवस्था गरिएका मौलिक हकहरूको कार्यान्वयन अवस्था, चुनौती र आगामी बाटो |
| ६ | अनुसन्धान विभाग | ७.१ सार्वजनिक सेवामा सदाचार प्रवर्धनका उपायहरू |
| | | ७.२ सरकारी तथा सार्वजनिक जग्गाको उपयोग र व्यवस्थापनसम्बन्धी अध्ययन (२०७९/८०) |
| | | ७.३ श्रमसम्बन्धी नीतिगत व्यवस्थाहरूको समीक्षात्मक अध्ययन |

# नीति सिफारिस

सार्वजनिक नीतिका विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गरी नीति सिफारिस गर्ने प्रतिष्ठानको प्रमुख कार्यादेशभित्र पर्ने भएकाले प्रतिष्ठानले सरकारलाई नीति सिफारिस गर्दै आएको छ। नेपाल सरकारका मन्त्रालयहरूबाट अनुरोध भई आएकामा प्रतिष्ठानले नीति मस्यौदा कार्यमा पनि सहयोग गर्दै आएको छ। प्रतिष्ठानबाट सम्बन्धित निकायहरूमा प्रेषित नीति सिफारिसहरू निम्नानुसार छन्।

## पर्यटन नीति २०८१ को मस्यौदामा थप सुधार तथा परिमार्जनका लागि सुझाव प्रतिवेदन

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तयार गरेको "पर्यटन नीति, २०८१" को मस्यौदाउपर सुझावका लागि नीति अनुसन्धान प्रतिष्ठानलाई अनुरोध गरेबमोजिम प्रतिष्ठानले मस्यौदाको विस्तृत अध्ययन विश्लेषण गरी उक्त मन्त्रालयलाई २०८१ फागुनमा एक सुझाव प्रतिवेदन पेस गर्‍यो।

उक्त मस्यौदाउपर आवश्यक अध्ययन विश्लेषणका लागि प्रतिष्ठानले आन्तरिक विज्ञहरूको टोली गठन गरेको थियो भने उक्त मस्यौदा नीति आफ्नो वेबसाइटमार्फत सार्वजनिक गरी त्यसबाट प्राप्त सुझावहरू लगायत प्रतिष्ठानमा आयोजित सार्वजनिक नीति संवादमार्फत सरोकारवालाहरूबाट प्राप्त राय सुझावको आधारमा सो प्रतिवेदन तयार गरेको थियो।

सामान्य तथा दफावार रूपमा सुझावहरू प्रस्तुत गरिएको सो प्रतिवेदनले विगतको पर्यटन नीति २०६५ को समीक्षा नगरी नयाँ नीति निर्माणको प्रक्रिया अघि बढेको र प्रस्तावित नीतिमा आवश्यक ढाँचा नसमेटिएको जनाउँदै आन्तरिक पर्यटन, छिमेकी मुलुकहरूसँगको समन्वय, पर्यटक सेवा, सुरक्षा र प्रचारप्रसारजस्ता विषयहरूलाई समग्र रूपमा सम्बोधन गर्नुपर्ने औँल्याएको थियो। त्यसै गरी, पर्यटन प्रवर्धनका तीन आयामहरू - विकास, प्रचारप्रसार र व्यवस्थापनलाई नीति निर्माणमा स्पष्ट रूपमा समेट्नुपर्ने, सरकारी निकायहरूबिच प्रभावकारी समन्वय आवश्यक पर्ने र राष्ट्रिय विकास योजनासँग नीति मिल्नुपर्ने सुझावहरू पनि दिइएको थियो। दफावार सुझावहरूमा दफा/उपदफामा भएका कमजोरी, अस्पष्टता, दोहोरिएका बुँदा, संरचनागत त्रुटि र भाषिक अशुद्धिहरू सच्याउन तथा नीति कार्यान्वयनका लागि व्यावहारिक र समन्वित व्यवस्था गर्ने सिफारिसहरू थिए। साथै, पर्यटनमा कार्यरत पेसागत संघसंस्थाहरू, दक्ष जनशक्ति विकास, गन्तव्य स्तरोन्नति, वित्तीय तथा कानुनी सहजीकरण, अन्तर्राष्ट्रिय सहकार्य र डिजिटल प्रणालीलाई प्राथमिकतामा राख्नुपर्ने सिफारिसहरू पनि उक्त प्रतिवेदनमा थिए।

## ई-गभर्नेन्स ब्लुप्रिन्ट (मस्यौदा) मा सुधार तथा परिमार्जनका लागि सुझाव प्रतिवेदन

नेपाल सरकार, ई-गभर्नेन्स बोर्ड, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत ई-गभर्नेन्स ब्लुप्रिन्ट (मस्यौदा) मा सुझावका लागि नीति अनुसन्धान प्रतिष्ठानलाई गरिएको अनुरोधअनुरूप प्रतिष्ठानले आवश्यक अध्ययन, विश्लेषण गरी २०८२ वैशाखमा उक्त बोर्डलाई एक सुझाव प्रतिवेदन पेस गर्‍यो। अध्ययन विश्लेषणका लागि प्रतिष्ठानले उक्त मस्यौदालाई आफ्नो वेबसाइटमार्फत सार्वजनिक गरेको थियो भने सरोकारवालाहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषण र नीति संवादबाट प्राप्त सुझावहरूलाई प्रतिष्ठानको एक विज्ञ समूहले गरेको संश्लेषणको आधारमा सुझाव प्रतिवेदन तयार गरेको थियो।

उक्त सुझाव प्रतिवेदनले नेपालको संविधान र विभिन्न कानुनी संरचनाहरूले पारदर्शी, उत्तरदायी तथा प्रविधिमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिए तापनि सोका लागि एकीकृत प्रणालीको अभाव रहेको, साइबर सुरक्षा चुनौतीको रूपमा रहेको एवम् डिजिटल पहुँचको कमीजस्ता समस्याहरू विद्यमान रहेको जनाएको थियो। त्यसै गरी, प्रतिवेदनले डिजिटल सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले विद्यमान कानुन, नीतिहरू तथा पूर्वाधारहरूको पुनरावलोकन गर्दै दीर्घकालीन योजना, रणनीति र संरचना निर्माण गर्नुपर्ने आवश्यकता पनि औँल्याएको थियो। प्रतिवेदनमा ब्लुप्रिन्टको भाषिक जटिलता, कार्यान्वयन योजना, बजेट अनुमान, रणनीतिक पक्षहरू, स्थानीय सरकारको भूमिका र संघीयतालाई सम्बोधन गर्नुपर्ने विषयमा सुधार आवश्यक रहेको सुझाइएको थियो। उक्त प्रतिवेदनमा ब्लुप्रिन्टलाई केवल नीतिगत दस्तावेज नबनाई एक स्पष्ट मार्गचित्रका रूपमा परिभाषित गर्दै र SMART सूचकहरू, सम्भावित जोखिम र नागरिकको उपयोग अनुभवलाई प्राथमिकता दिन सुझाव दिइएको थियो। साथै, निजी क्षेत्र, स्टार्टअप र अन्तर्राष्ट्रिय अभ्यासहरूसँग सहकार्य, खुला स्रोत प्रविधिको उपयोग, तथा "Bottom–Up" कार्यान्वयन मोडेललाई अपनाउन पनि प्रतिवेदनले सिफारिस गरेको थियो। नेपालमा विद्युतीय सुशासन प्रणालीलाई मजबुत र नागरिकमैत्री बनाउन उक्त ब्लुप्रिन्टलाई व्यावहारिक, समावेशी र दीर्घकालीन योजनासँग समन्वय गरी परिमार्जन गर्नुपर्ने सुझावहरू पनि प्रतिवेदन मार्फत दिइएको थियो।

# सार्वजनिक नीति संवाद

अनुसन्धान आवश्यकता पहिचान गर्न, प्रमाणमा आधारित अनुसन्धान हुने सुनिश्चित गर्न, अनुसन्धानको निष्कर्षलाई मान्यता दिन, अनुसन्धान प्रतिवेदनहरू समीक्षा गर्न तथा सरोकारवालाहरूबिच अनुसन्धान निष्कर्षहरू आदानप्रदान गर्नको लागि प्रतिष्ठानले विभिन्न तहमा सहकार्य र समन्वय गर्दै आएको छ । प्रतिष्ठानले सरोकारवालाहरूको संलग्नतामा सार्वजनिक नीति संवाद पनि गर्दै आएको छ। यस सम्बन्धमा प्रतिष्ठानले यस अवधिमा निम्नानुसारको नीति संवादहरू आयोजना गऱ्यो ।

## व्यक्तिगत डाटा संरक्षण नीति २०८२ को मस्यौदामा सुझाव सङ्कलनका लागि सार्वजनिक नीति संवाद

प्रतिष्ठानले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको ई-गभर्नेन्स बोर्डले तयार पारेको व्यक्तिगत डाटा संरक्षण नीति २०८२ को मस्यौदामा राय तथा सुझावका लागि २०८२ असार ३० गते एक सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना गऱ्यो ।

व्यक्तिगत डाटा सङ्कलन, प्रशोधन, विश्लेषण, सार्वजनिकीकरण तथा विसर्जन कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने विभिन्न संघसंस्थाहरू; सम्बन्धित मन्त्रालय र विभागहरू, नियामक तथा सुरक्षा निकाय; अनुसन्धान कार्यमा संलग्न विश्वविद्यालय, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरूको सहभागितामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले सहजीकरण गर्नुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले उपस्थित सहभागीहरूलाई स्वागत गर्दै व्यक्तिगत डाटासम्बन्धी व्यवस्था भएका अन्य ऐन, नियमावली तथा नीतिहरूसँगको तादात्म्य र उक्त नीतिको औचित्यमाथि कार्यक्रममा छलफल हुने र व्यक्तिगत डाटा सङ्कलन, प्रशोधन, भण्डारण, स्थानान्तरण र सुरक्षासम्बन्धी विषयहरूमा मार्गदर्शन प्राप्त हुने अपेक्षा व्यक्त गर्नुभयो ।

नीतिको मस्यौदामा रहेका विषयवस्तु तथा छलफलका मुख्य मुद्दाहरूका बारेमा प्रकाश पार्दै प्रतिष्ठानका सहअनुसन्धानकर्ता दिपेन्द्र प्रसाद पन्तले दिनुभएको प्रस्तुतीकरणपश्चात् छलफल सत्र खुला गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रतिनिधि सभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सभापति अम्मर बहादुर थापाले सुशासनका लागि सुरक्षित डाटा प्रणाली अपरिहार्य रहेको भए तापनि नेपालमा यससम्बन्धी पर्याप्त पूर्वाधार नरहेकाले विकास व्यस्थापनमा समस्या आइरहेको बताउनुभयो। प्रतिष्ठानले गर्दै आएको नीतिगत प्रयासको स्वागत गर्दै समितिबाट आफूले गर्न सक्ने सहयोगका लागि सधैं तयार रहेको उहाँले विश्वास दिलाउनुभयो । यसैगरी, वागमती प्रदेश नीति तथा योजना आयोगका सदस्य गुणराज मोक्तानले छलफलमा रहेको मस्यौदा नीतिले सुरक्षा र संरक्षण मात्रै नभई डिजिटल डाटा भण्डारण, क्लाउड स्टोरेज र सर्भरमा हाम्रो पहुँच र नियन्त्रण तथा सूचना प्रविधिमा चाहिने कर्मचारी प्रशासनजस्ता मुद्दाहरू पनि समेट्नुपर्ने बताउनुभयो ।

मस्यौदामा रहेका विभिन्न विषयवस्तुको स्पष्ट परिभाषा; डाटा प्रयोग, स्थानान्तरण र वर्गीकरणमा स्पष्टता; डाटा चुहावट वा चोरी र अन्य उल्लङ्घनको अवस्थामा आपत्कालीन कार्यविधि र सङ्कट व्यवस्थापन; कसुर र सजाय; नीतिको कार्यान्वयन, नीतिले प्रस्ताव गरेको नयाँ संस्थागत संरचनाको औचित्य; सचेतना कार्यक्रम; सामाजिक सञ्जालमा आधारित अल्गोरिदिम, सीमापार डाटा हस्तान्तरण आदि विषयमा नीतिले लिनुपर्ने दिशा र प्रावधानबारे सहभागीहरूबाट रायहरू प्राप्त भएका थिए ।

छलफलमा सहभागी भई अमूल्य सुझाव प्रदान गर्नु भएकोमा सहभागीहरूलाई धन्यवाद दिँदै र मस्यौदाको प्राविधिक पक्षहरूमा सुधार गरिनुपर्ने र अन्य बहुआयामिक पक्षहरूको पनि नीतिले अझ स्पस्ट मार्गदर्शन गर्नुपर्ने निष्कर्षसहित प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले कार्यक्रमको समापन गर्नुभएको थियो ।

## नेपालको आर्थिक वृद्धिमा वित्त र मौद्रिक नीतिबिचको समन्वयसम्बन्धी नीति संवाद

प्रतिष्ठानले २०८२ असार १८ गते आफ्नो सभा हलमा "नेपालको आर्थिक वृद्धिमा वित्त र मौद्रिक नीतिबिचको समन्वय" विषयक सार्वजनिक नीति संवाद कार्यक्रम सम्पन्न गऱ्यो । प्रतिष्ठानबाट सञ्चालन भइरहेको सोही विषयको अध्ययनको लागि तथ्याङ्क सङ्कलन, विज्ञ राय सङ्कलन तथा अध्ययनलाई प्रभावकारी बनाउनका लागि सुझाव सङ्कलन गर्ने उद्देश्यले आयोजित उक्त नीति संवाद कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंकलगायत सरकारी निकायका प्रतिनिधिहरू, नेपाल धितोपत्र बोर्ड, नेपाल उद्योग वाणिज्य

महासंघ, नेपाल उद्योग परिसंघ, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयका पदाधिकारी तथा प्रतिनिधि र अन्य प्राज्ञिक व्यक्ति लगायत विषयविज्ञहरूको सहभागिता रहेको थियो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता एवम् आर्थिक तथा पूर्वाधार विकास अध्ययन केन्द्र प्रमुख डा. कल्पना खनालले सहजीकरण गर्नुभएको सो कार्यक्रमको औपचारिक सुरुआत गर्दै एवम् उपस्थितहरूलाई स्वागत गर्दै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले नेपालमा विद्यमान आर्थिक अवस्थामा न्यून व्याजदर र उच्च तरलताको स्थिति भए तापनि रोजगारीको अवसर न्यून रहेको र राज्यले आर्थिक विकास महसुस गर्न नसकेको सम्बन्धमा अर्थपूर्ण छलफल भई ठोस सुझाव प्राप्त हुने अपेक्षा राख्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठ, नेपाल सरकारका पूर्वअर्थसचिव तथा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका अध्यक्ष रामेश्वर खनालले प्रस्तुतीकरण दिनुभएको थियो । डा. गुणाकर भट्टले आफ्नो प्रस्तुतिमा नेपालमा वित्त र मौद्रिक नीतिको समन्वयको वर्तमान अवस्था, व्यावहारिक चुनौतीहरू र आगामी दिशाबारे चर्चा गर्दै वित्त नीतिका परम्परागत र गैरपरम्परागत उपकरणहरू, नेपाल राष्ट्र बैंकद्वारा पुनः वित्तीय व्यवस्थापन (re–financing) गर्दाका चुनौतीहरूका बारेमा प्रकाश पार्नुभयो । साथै, उहाँले राष्ट्र बैंक ऐनमा भएका व्यवस्था र प्रावधानहरूले अन्तरनिकाय समन्वयमा निम्त्याएको समस्याबारे पनि प्रस्ट पार्नुभयो ।

राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठले आफ्नो प्रस्तुतिमा मौद्रिक र वित्तीय नीतिका अन्तरसम्बन्धका सवालमा यी दुई नीतिको समन्वयलाई प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरूका सन्दर्भमा आफ्ना धारणा राख्नुभयो । उहाँले पुँजी बजारको विस्तारको लागि मौद्रिक नीति र नेपाल राष्ट्र बैंकको प्रत्यक्ष भूमिका नहुने र यो विषय धितोपत्र बोर्डको कार्यक्षेत्र भएको प्रस्ट पार्दै मौद्रिक नीतिको प्रसारण र बैंकिङ प्रणालीको विकल्पको लागि पुँजी बजार खासगरी ऋणपत्र बजारको विकास हुनुपर्ने विषयमा जोड दिनुभयो ।

नेपाल सरकारका पूर्वअर्थसचिव तथा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका अध्यक्ष रामेश्वर खनालले आफ्नो प्रस्तुतिमा वित्त नीति प्रायः विस्तारमुखी हुने गरेको भए तापनि सार्वजनिक खर्च विस्तारमुखी नदेखिएको विषयमा प्रकाश पार्नुभयो । उहाँले नेपालको वित्तीय व्यवस्था ठुलो मात्रामा वैदेशिक सहायता र रेमिटान्सले धानेको हुनाले विस्तारमुखी वित्तका कारण अर्थतन्त्रमा मुद्रास्फीतिको गम्भीर दबाब नदेखिएको बताउँदै बजारको स्रोत उपयोग कुशलता (resource use efficiency) र स्रोत बाँडफाँटको दक्षता (allocative efficiency) पनि अध्ययन विश्लेषण हुन आवश्यक रहेको बताउनुभयो । साथै, उहाँले उच्च आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा आगामी मौद्रिक नीतिले लिनुपर्ने दृष्टिकोणबारे पनि सुझावहरू पनि प्रस्तुत गर्नुभयो ।

अध्ययन टोलीका सदस्य तथा राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. राम कुमार फुयालले अध्ययनको उद्धेश्य प्रस्तुत गर्दै अध्ययनले समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण मार्फत वित्त तथा मौद्रिक नीतिको अन्तरसम्बन्ध पहिचान र समन्वयबारे अनुसन्धान गरिने प्रस्ट पार्नुभयो । उहाँले यस अध्ययनमा विगतका वित्त तथा मौद्रिक नीतिहरूको अध्ययन र समीक्षा गरी अर्थतन्त्रले भोग्नुपरेका उतारचढाव र घटनाक्रमका सन्दर्भमा यी दुई नीतिहरूबिचको अन्तरसम्बन्ध विश्लेषण गरिने जानकारी दिनुभयो ।

प्रस्तुतिहरूपछि सहभागीहरूले प्रतिष्ठानले गर्दै आएको उक्त अध्ययनलाई उपयोगी र थप प्रभावकारी बनाउन आफ्ना महत्त्वपूर्ण राय र सुझावहरू प्रस्तुत गर्नुभयो । सहभागीहरूले कोभिड-१९ को महामारीपछि मौद्रिक नीति बढी उदारमुखी र विस्तारमुखी हुँदा अहिलेको आर्थिक समस्या आएको र मौद्रिक नीतिहरू स्थायीत्व केन्द्रित हुनुपर्ने तर वित्त नीति भने विस्तारमुखी र आर्थिक वृद्धिको लक्ष्य राख्ने किसिमको हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । धेरै सहभागीहरूले अबका वित्त नीति प्रतिचक्रीय (counter–cyclic) हुनुपर्नेमा जोड दिनुभयो । त्यसैगरी, सहभागीहरूले नेपालका मौद्रिक तथा वित्त नीतिमा भएका सफलताका उदाहरणहरू र अहिलेसम्म भएका नीतिगत कमजोरीहरू अध्ययनले उजागर गर्नुपर्ने धारणा व्यक्त गर्दै ऋणपत्र बजार, सरकारी बोन्ड बजारका समस्या र चुनौतीहरू एवम् मौद्रिक र वित्त नीतिसँगको अन्तरसम्बन्ध पनि अध्ययन हुन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

### अन्तरभाषिक शिक्षण पद्दतिसम्बन्धी सार्वजनिक नीति संवाद

नीति अनुसन्धान प्रतिष्ठानले “नेपाली कक्षाकोठामा अन्तरभाषिक शिक्षण पद्दतिः नीतिदेखि व्यवहारसम्म” शीर्षकमा २०८२ असार १५ गते एक सार्वजनिक नीति संवाद आयोजना गऱ्यो । त्रिभुवन विश्वविद्यालय र साउथह्याम्पटन विश्वविद्यालय (बेलायत) को संयुक्त पहल र ब्रिटिस काउन्सिलको आर्थिक सहयोगमा गरिएको अनुसन्धान परियोजनामा आधारित

उक्त कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठान, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भाषा आयोग, युनेस्को, युनिसेफ, ब्रिटिस काउन्सिल, त्रिभुवन विश्वविद्यालय र काठमाडौँ विश्वविद्यालयका प्राध्यापक, नेपाल भाषाविज्ञान समाज, टिचर एजुकेटर्स सोसाइटी नेपाल लगायत भाषा र शिक्षाको क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सेन्टर फर युनिभर्सल एजुकेशन, द ब्रुकिङ्स इन्स्टिच्युसनका अनुसन्धानकर्ता डा. गङ्गाराम गौतमको सहजीकरणमा भएको उक्त कार्यक्रममा साउथह्याम्प्टन विश्वविद्यालयकी सहप्राध्यापक डा. छोइ ताएहीले अनुसन्धान निष्कर्षहरू प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा संवादका लागि सन्दर्भ प्रस्तुत गर्दै डा. गौतमले अन्तरभाषिक दृष्टिकोणले धेरै भाषाहरूलाई कक्षाकोठामा ल्याउने मात्र नभई विविध पृष्ठभूमिका विद्यार्थीहरूको ज्ञान र अनुभवलाई समेत एकीकृत गर्ने भएकाले यो पद्धति समावेशी हुने उल्लेख गर्नुभयो । अनुवादभन्दा अलि भिन्नरूपमा बुझिने अन्तरभाषिकीकरणले नेपाली र अङ्ग्रेजीजस्ता प्रमुख भाषाहरूसँगै विद्यार्थीहरूको मातृभाषाको तरल एकीकरणमार्फत विद्यार्थीहरूलाई आफ्नो कल्पना र जीवन अनुभवको माध्यमबाट विषयवस्तुसँग अन्तरघुलित हुन सक्षम बनाउने बताउँदै उहाँले यस प्रक्रियाले उनीहरूमा आत्मविश्वास निर्माण गर्ने, अपनत्वको भावना विकास गर्ने र सांस्कृतिक सम्पदा जोगाउन पनि मद्दत गर्ने बताउनुभयो ।

डा. ताएहीले नेपालमा सञ्चालन भइरहेको "बहुभाषिक शिक्षण पद्धति अपनाउन शिक्षकहरूको सशक्तिकरण" शीर्षकको परियोजना अन्तर्गत Participatory Action Research (PAR) विधि प्रयोग गरी काठमाडौँ, ललितपुर र मकवानपुर जिल्लाका चार वटा सार्वजनिक विद्यालयमा नेपाली र अंग्रेजी भाषाका साथै विद्यार्थीहरूको मातृभाषालाई पनि कक्षाकोठामा प्रयोग गर्न शिक्षकहरूलाई दिइएको तालिम र मार्गदर्शन समेतको आधारमा निकालिएको अध्ययन निष्कर्षहरूको प्रस्तुतिकरण दिनुभएको थियो । यस अभ्यासबाट प्राप्त अनुभवहरू र हङकङ, स्पेन र केन्याका घटना (case) अध्ययनहरूलाई संश्लेषण गरी विभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीहरूका लागि समावेशी र समृद्ध शिक्षण वातावरण प्रवर्धन गर्न शिक्षक निर्देशिकासमेत विकास गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

प्रस्तुतिपछि सहभागीहरूले नेपालका विविध समुदायहरूको वास्तविकता झल्काउने नीति सिफारिस तयार गर्न अनुसन्धानकर्ताहरूलाई सुझाव दिनुभयो । अधिकांश देशहरू द्विभाषिक र त्रिभाषिक शिक्षण पद्धतिमा केन्द्रित भइरहँदा नेपालमा भने यसको सांस्कृतिक र भाषिक विविधताका कारण एउटै कक्षामा धेरै भाषा समावेश गर्नु चुनौतीपूर्ण रहेको सहभागीहरूको मत रहेको थियो ।

सहभागीहरूले संवैधानिक प्रावधानदेखि पाठ्यक्रम विकाससम्म विभिन्न तहमा केही आंशिक प्रयासहरू भएको उल्लेख गर्दै ती प्रयासहरूलाई एउटै रूपरेखामा समेटी, मातृभाषाहरूको प्रवर्धन र शिक्षाको गुणस्तर पुनःपरिभाषित गर्ने दोहोरो उद्देश्यसहितको नीति हस्तक्षेप गर्नु आवश्यक रहेको सुझाव दिनुभयो । साथै, उहाँहरूले भाषा प्राथमिकतामा आधारित भएर शिक्षाको विकासक्रमको अध्ययन, अभिभावकहरूको प्राथमिकताको सर्वेक्षण तथा भाषिक दक्षताको अन्तरपुस्ता भिन्नताको विश्लेषणजस्ता विषयमा विस्तृत अनुसन्धानको आवश्यकता रहेको पनि औँल्याउनु भयो । अनुसन्धानकर्ता डा. प्रेम प्रसाद पौडेल र डा. ताएहीले कार्यक्रममा सहभागीहरूबाट उठेका जिज्ञासाहरूको सम्बोधन गर्नुभएको थियो ।

नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले शिक्षा प्रणाली सुधार तथा सांस्कृतिक एकताको प्रवर्धनका लागि प्रमाणमा आधारित नीति सिफारिसको महत्त्वको बारेमा जोड दिँदै र अनुसन्धान प्रसारका लागि सरोकारवालाबिच संवाद गर्ने मञ्च सिर्जना गर्न प्रतिष्ठान प्रतिबद्ध रहेको उल्लेख गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

## नेपालमा कृषि बीमा कार्यक्रम कार्यान्वयन र यसको प्रभावकारितासम्बन्धी नीति संवाद

प्रतिष्ठानले २०८२ असार १२ गते आफ्नो सभा हलमा "नेपालमा कृषि बीमा कार्यक्रम कार्यान्वयनको अवस्था, समस्या र समाधानको उपाय" विषयक नीति संवाद कार्यक्रम आयोजना गर्‍यो । नेपालमा कृषि बीमाको नीतिगत उपकरणहरूको कार्यान्वयन ढाँचा, अवस्था र चुनौतीहरूको विश्लेषण गर्ने; कृषि बीमामा साना कृषकहरूको सहभागिता, पहुँच र सुरक्षणका उपायहरूको खोजी गर्ने; अन्तर्राष्ट्रिय असल अभ्यासको समीक्षा र उपयुक्त सिकाइको पहिचान गर्ने र अनुदान व्यवस्थापन, बीमा दाबी-भुक्तानी प्रक्रियाको मूल्याङ्कन र नीतिगत सिफारिस गर्ने उद्देश्य लिई प्रतिष्ठानले गर्दै रहेको अध्ययनको शिलसिलामा उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

संवादमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधि, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका पदाधिकारीहरू, नेपाल बीमा प्राधिकरणका प्रतिनिधिहरू, कृषि विभाग, पशु सेवा विभाग, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायतका सरकारी निकायका प्रतिनिधिहरूका साथै किसान आयोग, बीमा कम्पनी, प्राज्ञिक विज्ञहरू र नागरिक समाजका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

प्रतिष्ठानका सहअनुसन्धानकर्ता गोपाल आचार्यले सहजीकरण गर्नुभएको उक्त कार्यक्रमको औपचारिक सुरुआत गर्दै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले नेपालको समग्र विकासमा कृषि क्षेत्रको महत्त्वपूर्ण योगदान रहे तापनि उचित हिसाबले यसतर्फ राज्यको ध्यान केन्द्रित नभएको बताउँदै कृषि क्षेत्रलाई व्यवसायीकरण र व्यवस्थापन आवश्यक रहेको बताउनुभयो । साथै, कृषि बीमा कार्यक्रमको दिगोपन विश्लेषण, बीमा कार्यक्रमको दायरा थप्नुपर्ने आवश्यकताजस्ता पक्षहरूमा हुने अध्ययन एवम् विज्ञहरूले औँल्याउनुभएको राय सुझाव र सुधारका पक्षहरू समेटेर प्रतिवेदन थप प्रभावकारी र गुणस्तरीय हुने आशा प्रकट गर्नुभयो ।

कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपाने र अध्ययन टोलीका विज्ञ सदस्य शिव सुन्दर घिमिरेले मस्यौदा प्रतिवेदनमा रहेका विषयहरूमा केन्द्रित रही प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँहरूको प्रस्तुतीकरणमा अध्ययनको सन्दर्भ र पृष्ठभूमि, कृषि बीमा प्रणालीको पूर्ण विकास नभएको अवस्था र कार्यान्वयनका चुनौती तथा समस्या समाधानका लागि नीतिगत पहल, प्रचलित बीमा मोडेलहरू, अन्तर्राष्ट्रिय अभ्यासहरू र नीतिगत व्यवस्थाहरूबारे छलफल गर्दै अध्ययनले प्रस्तुत गरेका निष्कर्ष र सिफारिसहरूबारे जानकारी दिनुभयो ।

संवादमा सहभागीहरूले मस्यौदा प्रतिवेदनमा आफ्नो राय सुझावहरू र सुधारका उपायहरू प्रस्तुत गर्दै तीन तहका सरकारहरूबिच नीतिगत सामञ्जस्य र व्यावहारिक सहकार्य आवश्यक रहेको र सहकार्यको अभावले भुक्तानी प्रक्रियामा ढिला-सुस्ती र जटिलता आएको बताउनुभयो । कृषि बीमालाई प्रभावकारी बनाउन र यसको व्यापक कार्यान्वयन र सफलताका लागी विशेष गरी स्थानीय सरकारलाई नै जिम्मेवार र सबल बनाउनुपर्नेमा धेरै सहभागीहरूले जोड दिनुभयो । अहिलेको सङ्घीयतामा आधारित सरकारी निकायमा कृषि बीमाका लागि विशेष संस्थागत र संरचनात्मक व्यवस्था नभएको र यसको संस्थागत विकासका साथै स्थानीय सरकारलाई बीमाको कार्यान्वयनका साथै अनुगमन र मूल्याङ्कनका निम्ति सबलीकरण गर्न आवश्यक रहेको उहाँहरूको राय थियो । त्यसैगरी, कृषि बीमामा नैतिक जोखिम उच्च रहेको र यसको न्यूनीकरणका उपायहरूमा जोड दिनुपर्ने भन्दै जोखिमहरूलाई वर्गीकरण गरेर, प्रिमियम शुल्कलाई वर्गीकरण गरेर र किसानहरूलाई क्षेत्रफल र आर्थिकस्तरमा वर्गीकरण गरेर बीमा नीति आउनुपर्नेमा सहभागीहरूको जोड रहेको थियो ।

साथै, भुक्तानी विधि र कागजी प्रक्रिया छिटोछरितो र झन्झटरहित हुनुपर्ने र यस प्रक्रिया पनि डिजिटल हुनुपर्ने पनि उहाँहरूको राय थियो । त्यस्तै, कृषि बीमाको २०७९ को निर्देशिका र २०८१ को कार्यविधिमा रहेको नीतिगत अस्पष्टता एवम् बीमामा सरकारले दिने गरेको अनुदानको प्रभावकारिताजस्ता विषयहरू पनि अध्ययनमा समेटिनुपर्ने सुझावहरू सहभागीहरूले प्रस्तुत गर्नुभयो । प्रतिष्ठानले तयार गर्न लागेको उक्त प्रतिवेदनले बीमा क्षेत्रको स्तरोन्नति र विकासमा विशेष भूमिका निर्वाह गर्ने विश्वास पनि सहभागीहरूले प्रकट गर्नुभयो ।

सहभागीहरूको महत्त्वपूर्ण राय सुझावहरूका लागि धन्यवाद र कृतज्ञता ज्ञापन गर्दै अध्ययन टोलीका संयोजक डा. सुरज पोखरेलले अध्ययन प्रतिवेदनको अन्तिम प्रारूपले सहभागीहरूको सुझावहरू समेट्ने प्रतिबद्धता जाहेर गर्नुभयो । सम्पूर्ण उपस्थित सहभागीहरूलाई निमन्त्रणा स्वीकार गरी नीति संवादमा उपस्थित हुनुभएकोमा आभार प्रकट गर्दै प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपानेले कार्यक्रमको अन्त्य गर्नुभयो ।

## प्रस्तोता, ध्वनीअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षणसम्बन्धी रोम महासन्धि १९६१ को अनुमोदनबाट पर्न सक्ने प्रभावसम्बन्धी संवाद

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोधमा नीति अनुसन्धान प्रतिष्ठानले गरिरहेको “प्रस्तोता, ध्वनीअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षणसम्बन्धी रोम महासन्धि, १९६१ को अनुमोदनबाट पर्नसक्ने प्रभावहरू” विषयक अध्ययनका लागि सान्दर्भिक सूचना सङ्कलन गर्ने उद्देश्यले प्रतिष्ठानले २०८२ असार ९ गते आफ्नो सभा हलमा नीति संवाद कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका पदाधिकारीहरू, विभिन्न प्रसारण संस्था, सङ्गीत तथा चलचित्र उत्पादक संस्थाहरू, प्रस्तोता संघ-संस्था र समाजका प्रतिनिधिहरू, प्राज्ञिक र विषयविज्ञ व्यक्तिहरू र प्रतिष्ठानका अनुसन्धानकर्ता एवम् अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको सुरुआत गर्दै प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले रोम महासन्धि, १९६१ अनुमोदनले प्रस्तोता, ध्वनीअङ्कन उत्पादक र प्रसारण संस्थाहरूलाई पर्नसक्ने असर र अनुमोदन गर्दा नेपालले गर्नुपर्ने नीतिगत सुधारका विषयहरूमा रहेर छलफल गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो ।

प्रतिष्ठानका सहअनुसन्धानकर्ता डा. झम कुमार विश्वकर्माले सञ्चालन गर्नुभएके उक्त कार्यक्रममा अध्ययन टोलीका विज्ञ सदस्य तथा अधिवक्ता राजकुमार सुवालले रोम महासन्धि, १९६१ सम्बन्धी नीतिगत व्यवस्था र आयामहरूको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँको प्रस्तुति नेपालको मौजुदा प्रतिलिपि अधिकार ऐन, २०५९ का व्यवस्था र रोम महासन्धिसँगको सम्बन्ध; बर्न महासन्धिले समेटेको प्रतिलिपि अधिकारका व्यवस्थाहरू; रोम महासन्धिका विषयवस्तु क्षेत्रहरू; रोम महासन्धिको परिभाषा खण्ड र रोम महासन्धिमा व्यवस्था भएका संरक्षणका आयामहरूमा केन्द्रित थियो ।

कार्यक्रममा सहभागीहरूबाट रोम महासन्धि अनुमोदन नगरी रोकेर राख्नु आवश्यक नरहेकाले अब ढिला नगरी अनुमोदन गरिनुपर्ने सुझावहरू प्राप्त भए । केही सहभागीहरूले हाल सरकारी निकायहरू नै आफ्ना उत्पादनहरू सुरक्षित गर्न नसकेको अवस्थामा संस्थागत वा व्यक्तिगत रूपमा सिर्जित सामग्रीहरू अझ बढी जोखिममा रहेका धारणा राख्दै र राष्ट्रियस्तरमा सिर्जनाको संरक्षणमा रहेका कमजोरीहरू समेत औँल्याउँदै आफ्ना सुझावहरू प्रस्तुत गर्नुभएको थियो । हालको प्रतिलिपि अधिकार ऐनका केही प्रावधानका कारण प्रस्तोता र उत्पादकलाई अझै पनि कानुनी संरक्षणबाट बाहिर राखेको केही वक्ताहरूको राय थियो । तथापि, अन्य केही वक्ताहरूले भने नेपालका आन्तरिक कानुनी प्रावधानहरू रोम महासन्धिका प्रावधानहरूभन्दा पनि अघि रहेको उल्लेख गर्दै त्यसबाट लिन सकिने लाभबारे पनि विभिन्न सुझावहरू दिनुभएको थियो । त्यसैगरी, अनुमोदनले करलगायत राजस्वका क्षेत्रमा राज्यलाई सहयोग पुग्ने सन्दर्भमा पनि आफ्ना धारणा राख्नुभएको थियो ।

नेपालको प्रतिलिपि ऐनले समेटिसकेको विषयहरूलाई सुदृढ गर्दै सिर्जनाको स्वामित्व र अधिकार सुरक्षित गर्ने उपायहरू, सर्जक र प्रवर्द्धकले आफ्नो अधिकार सुनिश्चित गर्नेतर्फ रोम महासन्धि अनुमोदनको भूमिका र असरबारे छलफल गर्दै नेपालले रोम महासन्धिमा पक्षराष्ट्र बनेपछि गर्नुपर्ने कार्यहरूलाई प्राथमिकतामा राख्ने विषयमा पनि सहभागीहरूले आफ्ना राय दिनुभएको थियो । उत्पादन, प्रसारण, पुनः प्रसारण, पुनरुत्पादन र वितरणजस्ता विषयहरूमा स्पष्टता आवश्यक रहेको एवम् यी पक्षहरूमा नेपालले अनुमोदनपश्चात् प्राप्त गर्ने स्वीकृति सूचना (communication) समेतमा भरपर्ने बताउँदै सहभागीहरूले त्यस सम्बन्धमा पनि सुझावहरू दिनुभएको थियो । त्यसैगरी, महासन्धिको अनुमोदनका सन्दर्भमा बोल्दै वक्ताहरूले नेपालमा विदेशीले सिर्जना गरेका सामग्रीहरूको संरक्षण तथा सिर्जनाको प्रवर्धन गर्ने विषयमा रिजर्भेसनको विषय आधुनिक समयमा गौण हुन गएको पनि बताउनुभयो ।

सन्धिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति, कानुनी र संरचनागत पूर्वाधारहरू निर्माण गर्नुपर्नेमा सहभागीहरू सहमत हुनुहुन्थ्यो । नेपाल विश्व व्यापार संगठनको सदस्य राष्ट्र भएको सन्दर्भमा यदि हालको कानुनमा रोम महासन्धिको आवश्यक प्रावधानहरू छुटेका छन् भने तिनलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको भन्दै उहाँहरूले सन् २०२६ मा नेपाल विकासशील राष्ट्रको श्रेणीमा पदोन्नति हुने सन्दर्भमा रोम महासन्धिका सबै प्रावधानहरू पूर्णरूपमा लागु गर्ने अवस्था आउने र अनुमोदनपछि महासन्धिसम्बन्धी सहभागिता आदिजस्ता प्रशासनिक पक्षहरूबाट आर्थिक दायित्व थपिन सक्ने सम्भावनालाई समेत ख्याल गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले सम्बन्धित आवश्यक संस्थागत छलफल, कानुनी समन्वय र सहकार्यका आधारमा थप सुझावहरू पनि प्रतिष्ठानलाई पठाउने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

### "नेपालमा राइड सेयरिङः नीतिगत व्यवस्था, चुनौती र अगामी बाटो" विषयक नीति संवाद

प्रतिष्ठानले २०८२ असार ५ गते "नेपालमा राइड सेयरिङः नीतिगत व्यवस्था, चुनौती र अगामी बाटो" विषयक सार्वजनिक नीति संवाद आयोजना गर्‍यो । विभिन्न समसामयिक विषयहरूमा नीति अध्ययन गर्नुपर्ने अवस्था भएमा प्रतिष्ठानले सोको पहिचान गरी विविध क्षेत्रका सरोकारवालाहरूलाई एकै स्थानमा बोलाई अर्थपूर्ण छलफल गर्ने गरेकामा र राइड सेयरिङ विषयमा प्रतिष्ठानले नीति सङ्क्षेप तयार गर्न लागेको सन्दर्भमा सरोकारवालाहरूको धारणा र आवश्यक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

संवादमा सार्वजनिक यातायात व्यवसायी, राइड सेयरिङ प्लेटफर्महरूको व्यवस्थापकीय नेतृत्व गर्ने निजी व्यवसायी लगायत यातायातसम्बद्ध प्रादेशिक र सङ्घीय निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सहभागीहरूलाई स्वागत गर्दै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले डिजिटल प्रविधिको अवलम्बन गर्दा हुने आर्थिक लाभका साथै यसले निम्त्याउने विभिन्न चुनौतीहरूलाई तथ्यगत तवरले विश्लेषण गरी सबैका लागि सुहाउँदो नीतिगत निर्णय गर्न सिफारिस गर्नु प्रतिष्ठानको दायित्व रहेको बताउनुभयो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपानेको सहजीकरणमा सम्पन्न सो संवादमा प्रतिष्ठानकै अनुसन्धान विभागका विश्लेषक श्री रिजा मानन्धरले राइड सेयरिङको अवधारणा, आम बुझाइ, वर्तमान अवस्था, नीतिगत तथा कानुनी व्यवस्था र बहसका विषयमा आधारित भई प्रस्तुतीकरण दिनुभएको थियो ।

संवादमा राइड सेयरिङजस्ता यात्रा सहजीकरणका अभ्यासहरूको व्यवस्थापन तथा नियमन; राइड सेयरिङका मुख्य समस्याहरू, नीतिगत वा अन्य चुनौती तथा सुधारका उपाय वा विकल्प र राइड सेयरिङसम्बन्धी कानुनी व्यवस्थाको विरोधको मुख्य कारण र समाधानमा केन्द्रित भई छलफलमा सहभागी हुन अनुरोध भएबमोजिम सहभागीहरूले आफ्ना धारणाहरू व्यक्त गर्नुभएको थियो ।

सार्वजनिक यातायात व्यवसायीहरूको प्रतिनिधित्व गर्ने सहभागीहरूले नयाँ प्रविधिले ल्याएको सहजताको कदर गर्दै गर्दा लामो समयदेखि चल्दै आएको सार्वजनिक यातायातको व्यवसायमा परेको प्रभाव र नीतिगत पहलकदमी नहुँदा देखिएका अनियमितताबारे पनि ध्यानाकर्षण हुनुपर्नेमा जोड दिनुभएको थियो । राइड सेयरिङ प्लेटफर्मको निर्माण र प्रसार गर्दै आएका व्यवसायीहरूले प्रविधिको प्रयोगलाई नीतिगत रूपमा स्वीकार गरी आवश्यक नियमन गरेमा त्यसको पालना गर्न तयार रहेको उल्लेख गर्नुभयो ।

लुम्बिनी, कर्णाली तथा बागमती प्रदेशबाट आउनुभएका यातायात मन्त्रालयका पदाधिकारीहरूले राइड सेयरिङको वैधानिकता र नियमनका लागि प्रादेशिक कानुनहरू बनाउन पहल भइरहेको जानकारी पनि दिनुभयो ।

राइड सेयारिङ प्रदेशको एकल अधिकारभित्र पर्ने भएकाले यस विषयमा सङ्घीय तहबाट ठोस कार्य हुन नसकेको भए तापनि नीतिगत स्पष्टता र एकरूपताका लागि सरोकारवालाहरूसँग छलफल र परामर्श आवश्यक रहेकामा सबै सहभागीहरूको एकमत रहेको थियो । सार्वजनिक यातायात तथा राइड सेयरिङ प्लेटफर्महरूको भूमिकालाई प्रतिस्पर्धाको रूपमा नभई परिपूरकको रूपमा लिई नीतिगत पहल र समझदारीका लागि सबैले हातेमालो गर्दै अगाडि बढ्नुपर्ने निष्कर्षसहित कार्यक्रम सम्पन्न भएको थियो ।

## गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्तिहरूलाई प्रदान गर्न सकिने सम्पत्तिको अधिकारसम्बन्धी सार्वजनिक नीति संवाद

प्रतिष्ठानले गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्तिहरूलाई प्रदान गर्न सकिने सम्पत्तिको अधिकारसम्बन्धमा छलफल गर्ने उद्देश्यले २०८२ जेठ २९ गते सार्वजनिक नीति संवाद कार्यक्रम सम्पन्न गऱ्यो । प्रतिष्ठानको परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्रका अनुसन्धानकर्ताहरूले गैरआवासीय नागरिकताप्राप्त नेपालीहरूलाई प्रदान गर्न सकिने आर्थिक अधिकारअन्तर्गत सम्पत्तिको अधिकारसम्बन्धी अध्ययन गर्दै रहेको सन्दर्भमा गुणात्मक तथ्याङ्कका रूपमा नेपालका राजनैतिक दलहरूको नीति र विचार सङ्कलन गर्ने उद्देश्यले उक्त नीति संवाद आयोजना गरिएको थियो ।

कार्यक्रममा सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दल, गैरआवासीय नेपाली संघ र परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूका साथै नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ता एवम् अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो । प्रतिष्ठानका अनुसन्धानकर्ता डा. हरि प्रकाश चन्दले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै उपयुक्त विषयमा भइरहेको अनुसन्धानको लागि उहाँहरूबाट आवश्यक र महत्त्वपूर्ण पृष्ठपोषण प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमको सुरुआत गर्दै प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले संविधानले व्यवस्था गरेको गैरआवासीय नेपाली नागरिकहरूको नागरिकतासम्बन्धी अधिकार तथा सम्पत्तिको अधिकारका प्रावधानहरू, गैरआवासीय नेपालीसम्बन्धी ऐन २०६४ र नियमावली २०६६ का मुख्य बुँदाहरू लगायत अध्ययनको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो ।

गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्तिहरूलाई प्रदान गरिएको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धमा बोल्दै सहभागीहरूले संविधानबमोजिम नागरिकता पाएपछि नेपाली नागरिकसरह व्यवहार गरिनुपर्ने, कल्याणकारी राज्य व्यवस्थाबाहेक अन्य सबै अधिकारहरू सुनिश्चित गरिनुपर्ने र सम्पत्तिको किनबेच, लगानी आदिजस्ता कार्यमा सीमा तोक्न नहुने सुझाव दिनुभएको थियो । त्यसैगरी, दोहोरो नागरिकता स्वीकृत गर्ने राष्ट्रका गैरआवासीय नेपालीहरूलाई नागरिकता प्रदान गर्नुमा कुनै समस्या नहुने तर सोसम्बन्धी व्यवस्था नभएका राष्ट्रहरूको हकमा परिचयपत्र आवश्यक पर्ने भएकाले नागरिकता र परिचयपत्र दुवैको व्यवस्था गरिनुपर्ने विषयमा पनि विचारहरू प्रस्तुत भएका थिए । गैरआवासीय नेपालीहरू

नेपाली नागरिक नभई अन्य देशका नागरिक भइसकेको हुनाले राष्ट्रिय सुरक्षा, भू-राजनीति र राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर यसबारे निर्णय लिनुपर्ने पनि केही सहभागीहरूको राय थियो ।

कार्यक्रममा अपेक्षित सहभागिता रहेको र छलफलबाट अनुसन्धानलाई सहयोग पुग्ने किसिमका टिप्पणीहरू प्राप्त भएको बताउँदै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले उक्त कार्यक्रमको समापन गर्नुभएको थियो ।

### भूमिसम्बन्धी विद्यमान समस्याहरू तथा समाधानका उपाय सम्बन्धी सार्वजनिक नीति संवाद

प्रतिष्ठानले २०८२ वैशाख २३ गते, भूमिसम्बन्धी विद्यमान व्यावहारिक र नीतिगत समस्याहरू तथा समाधानका उपायसम्बन्धी सार्वजनिक नीति संवाद आफ्नो सभा हलमा सम्पन्न गऱ्यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा प्रतिष्ठानले गर्दैआएको “कृषियोग्य भूमि खण्डीकरण तथा कृषिभूमि गैरकृषि क्षेत्रमा प्रयोग” सम्बन्धी अध्ययन, तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको अनुरोधमा गरिएको “भूउपयोग नीति २०७२ र राष्ट्रिय भूमि नीति २०७५ को समीक्षा” का लागि सान्दर्भिक सूचना सङ्कलनको लागि उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू, भूमि समस्या समाधान आयोग, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गुठी संस्थान, राष्ट्रिय तथ्याङ्क कार्यालय, लि-बर्ड, विश्व बैंक समूह, नेपाल विकास अनुसन्धान प्रतिष्ठानका प्रतिनिधिहरू र अन्य प्राज्ञिक र विषय विज्ञहरूका साथै अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

सहभागीहरूलाई स्वागत गर्दै नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. मुक्ति राम रिजालले नीति अनुसन्धानको कार्यमा प्रतिष्ठानले अवलम्बन गर्ने विधिबारे उल्लेख गर्नुभयो र यसमा सरोकारवालाहरूको अनुभव, धारणा तथा तर्कहरूको विशेष महत्त्व हुने कुरामा जोड दिनुभयो ।

संवादका आधारभूत विषयवस्तुमाथि प्रकाश पार्दै प्रतिष्ठानको प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्रका सहअनुसन्धानकर्ता डा. प्रभात राज दाहालले भूमि, भू-उपयोग तथा भूमिको वर्गीकरणसम्बन्धी विद्यमान नीतिगत व्यवस्थाहरूबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

नीति संवादमा छलफलका लागि प्रस्तुत गरिएका मुख्य विषयवस्तुहरू यस प्रकार रहेका थिए:

- स्थानीय तहमा भूमि वर्गीकरण (कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन,जलीय, सार्वजनिक, सांस्कृतिक लगायत १० प्रकार) र भू-उपयोग योजना कार्यान्वयनको अवस्था, समस्याहरू र तिनका समाधानका उपाय
- भूमि अधिकार, स्वामित्व, ग्रहण, अतिक्रमण, भूमि बजार, व्यावसायिक प्रयोगको अवस्था, समस्या र समाधानका उपाय
- कृषि भूमिको उपयोग, खण्डीकरण, बाँझो जग्गा लगायत विषयका अवस्था, समस्या र समाधानका उपाय
- भूमिसम्बन्धी नीति अध्ययनको लागि सरोकारवाला, स्रोत व्यक्ति र सन्दर्भ सामग्रीबारे जानकारीहरू

विभिन्न क्षेत्र, तह तथा निकायबाट प्रतिनिधित्व गर्नुभएका सहभागीहरूले भूउपयोग योजना निर्माण तथा कार्यान्वयनमा भुइँ तहमा देखिएका प्राविधिक तथा संस्थागत समस्याहरूमा प्रकाश पार्दै स्थानीय तहको क्षमता अभिवृद्धि र निरन्तर व्यावसायिक विकासको आवश्यकताबारे आफ्ना धारणा राख्नुभएको थियो । साथै, सामाजिक न्याय, उत्पादन वृद्धि र वातावरण संरक्षणका उद्देश्यलाई समेट्ने गरी भूमिसम्बन्धी सम्पूर्ण नीतिहरूमा तादात्म्य कायम गर्दै समन्वित नीतिगत पहल आवश्यक भएकोमा उहाँहरूले जोड दिनुभएको थियो ।

लगत सङ्कलन, वास्तविक भूमिहीनहरूको पहिचान, उपयोगका आधारमा भूमिको वर्गीकरण र नक्साङ्कन, भूमि उपयुक्तता योजना लगायतका विषयमा हालसम्म भएका कार्यहरूको समीक्षा गर्ने क्रममा सहभागीहरूले दिनुभएका सुझावहरूले समस्याको पहिचान गर्न, समाधानका उपायहरू निर्धारण गर्न र आगामी दिनमा ध्यान आकृष्ट गरिनुपर्ने विषयहरू पहिचान गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने छन् ।

संवादको सहजीकरण प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले गर्नुभएको थियो । कार्यक्रमको समापन समेत गर्दै उहाँले अध्ययनका लागि तथ्याङ्कको पर्याप्तता सुनिश्चित गर्न थप छलफल र प्रमुख स्रोत व्यक्तिहरूसँग सघन अन्तर्वार्ता गरिने जानकारी दिनुभयो ।

## गभर्नेन्स ब्लुप्रिन्टको मस्यौदामा पृष्ठपोषणको लागि सार्वजनिक नीति संवाद

नेपाल सरकारको ई-गभर्नेन्स बोर्डले तयार गरेको ई-गभर्नेन्स ब्लुप्रिन्ट को मस्यौदामा पृष्ठपोषण गर्ने उद्देश्यले प्रतिष्ठानले २०८१ फागुन २७ गते प्रतिष्ठानको सभा हलमा एक सार्वजनिक नीति संवादको आयोजना गऱ्यो । उक्त कार्यक्रममा ई-गभर्नेन्स बोर्डका प्रतिनिधि, विभिन्न विश्वविद्यालयका प्राज्ञिक प्रतिनिधिहरू, आन्तरिक राजस्व विभाग, नेपाल टेलिकम, नेपाल प्रहरी साइबर ब्युरो, स्वास्थ्य सेवा विभाग र डिजिटल राइटस् नेपालका प्रतिनिधिहरूसहित अन्य विषय विज्ञ र प्रतिष्ठानका कर्मचारीहरू उपस्थित हुनुहुन्थ्यो ।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको मन्तव्यबाट सुरु भएको सो कार्यक्रमको सहजीकरण प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. मुक्ति राम रिजालले गर्नुभएको थियो । कार्यक्रमको प्रारम्भमा ई-गभर्नेन्स बोर्डका तर्फबाट इन्जिनियर केदारमणि भण्डारीले ई-गभर्नेन्स ब्लुप्रिन्टको उद्देश्य र प्रावधानका बारेमा जानकारी दिनुभएको थियो भने विज्ञ ऋतुराज लम्सालले ई-गभर्नेन्स ब्लुप्रिन्टको आवश्यकता र यसको प्रस्तावित मस्यौदा र डिजिटल नेपाल फ्रेमवर्कसँगको समन्वय, सरकारी सेवा प्रवाहमा ई-गभर्नेन्सको प्रभाव र ब्लुप्रिन्टको कार्यान्वयन चुनौतीहरू बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

छलफलमा सहभागीहरूले ई-गभर्नेन्स ब्लुप्रिन्टलाई स्वागतयोग्य कदम भन्दै यसको प्रभावकारी कार्यान्वयन र सरकारी संस्थाहरूबिच समन्वयबारे विचार व्यक्त गर्नुभयो । सहभागीहरूले ई-गभर्नेन्सको सफल कार्यान्वयनका लागि संस्थागत संरचना, प्रविधि पूर्वाधार, डेटा सुरक्षा तथा नागरिक सहभागितालाई प्राथमिकता दिनुपर्ने सुझाव दिनभएको थियो ।

कार्यक्रमको अन्त्यमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले प्रतिष्ठानले ई-गभर्नेन्ससम्बन्धी नीति संवाद, विज्ञ समीक्षा र प्रतिष्ठानको आन्तरिक परामर्शजस्ता विधिहरू अपनाई ई-गभर्नेन्स बोर्डलाई आवश्यक सुझाव प्रदान गरिने बताउनुभयो ।

## पर्यटन नीति, २०८१ को मस्यौदामा पृष्ठपोषणको लागि सार्वजनिक नीति संवाद

"पर्यटन नीति, २०८१" को मस्यौदाउपर पृष्ठपोषणको लागि विषयसँग सम्बन्धित सरोकारवाला र विज्ञहरूको सहभागितामा २०८१ फागुन १२ गते प्रतिष्ठानको सभा हलमा एक सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना भयो । उक्त कार्यक्रममा संस्कृत, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भक्तपुर नगरपालिका, नेपाल एसोसियशन अफ टूर एन्ड ट्राभल एजेन्टस, होटल व्यवसायी महासङ्घ नेपाल, गैरआवासीय नेपाली संघ, नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान, नेपाल हस्तकला महासंघ, रेस्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल, होटेल एसोसिएसन नेपाल, पाटन सङ्ग्रहालयका प्रतिनिधिहरू र प्रतिष्ठानका अनुसन्धानकर्ता लगायन अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तर्फबाट नीति मस्यौदाको बारेमा सहभागीहरूमा जानकारी प्रदान भएको थियो । मन्त्रालयका सहसचिव श्री इन्दु घिमिरेले गार्हस्थ उत्पादनमा पर्यटनले गर्ने योगदान, पर्यटन क्षेत्रको उतारचढाव, पर्यटन सत्रको परिवर्तित आयाम. कोभिड-१९ पछिको पर्यटन अवस्थालाई मध्यनजर गर्दै विद्यमान नीतिको सबल पक्षलाई समेत समेटी नयाँ नीति मस्यौदा निर्माण गरिएको जानकारी गराउँदै नीति संवादबाट महत्त्वपूर्ण सुझाव आउने अपेक्षा व्यक्त गर्नुभयो । त्यसपछि प्रस्तुत मस्यौदामा भएका विषयवस्तुका बारेमा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ता डा. गिरि राज शर्माले सङ्क्षिप्त प्रस्तुतीकरण गर्नुभएको थियो । पर्यटनविज्ञ श्री रमेश कुमार अधिकारीले उक्त नीतिको मस्यौदाको समीक्षा गर्नुभएको थियो ।

उक्त नीति संवादमा उपस्थित सरोकारवालाहरूले आफ्नो धारणा राख्दै संस्कृति, परम्पराको संरक्षण र प्रवर्धन गर्न स्थानीय सरकारलाई नै जिम्मेवार बनाउनुपर्ने, प्रशासनिक हैरानी, असुरक्षित आकाश, आपराधिक पर्यटकको पहिचानजस्ता कार्यलाई मध्यनजर गर्नुपर्ने, नीति मस्यौदामा उल्लेख भएका संस्थामा मात्र सीमित नभई पर्यटनसम्बन्धी अन्य संस्थाहरूलाई पनि प्रोत्साहन गर्नुपर्ने, कार्यनीतिमा जीवन्त कला प्रदर्शनी र सूचना केन्द्रहरू व्यवस्थापन थप गर्नुपर्ने, साधारण बिक्री एजेन्ट (general sales agent) र यात्रीसम्बन्धी बिक्री एजेन्ट (passenger sales agent) को क्षेत्राधिकार स्पष्ट पार्नुका साथै मूल्य अभिवृद्धि कर, प्रस्थान कर लगायतका विषयहरू पर्यटन नीतिको मस्यौदामा समावेश गर्नुपर्ने लगायतका सुझावहरू प्रस्तुत गरेका थिए ।

संवाद कार्यक्रम सञ्चालन गर्नुभएका प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले कार्यक्रमको अन्त्यमा छलफलको सार प्रस्तुत गर्नुभएको थियो ।

# सहकार्य, समन्वय तथा तालिम

## समझदारीपत्रमा हस्ताक्षर

### नीति अनुसन्धान प्रतिष्ठान र सोसाइटी अफ नेपालिज प्रोफेशनल्स-यूके बिच नीति अनुसन्धान सहयोग तथा क्षमता विकासका लागि समझदारीपत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान (नीअप्र) र बेलायतस्थित नेपाली पेसागत विज्ञहरूको संस्था सोसाइटी अफ नेपालिज प्रोफेशनल्स-यूके (एसओएनपी-यूके) बिच नीति अनुसन्धान, क्षमता विकास र ज्ञान आदान प्रदानमा सहकार्य प्रवर्धन गर्ने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर भयो ।

नीति अनुसन्धान प्रतिष्ठानको कार्यालयमा २०८२ जेठ २१ गते आयोजित एक समारोहमा प्रतिष्ठानका कार्यालय प्रमुख लक्ष्मणप्रसाद भट्टराई र एसओएनपी-यूके का अध्यक्ष गजेन्द्र कटुवालले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो । कार्यक्रममा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा र अनुसन्धाताहरूको उपस्थिति रहेको थियो ।

समारोहमा अध्यक्ष कटुवालले एसओएनपी-यूके को उद्देश्य, दक्षता क्षेत्र र चालु गतिविधिबारे जानकारी दिँदै नेपालमा प्रभावकारी सहकार्यको सम्भावनाबारे धारणा राख्नुभयो । त्यस्तै, प्रा.डा. शर्माले नेपालको सार्वजनिक नीतिहरू निर्माणमा अन्तर्राष्ट्रिय अनुभव र पेसागत विज्ञताको महत्त्वपूर्ण भूमिका हुने कुरामा जोड दिनुभयो । कार्यक्रममा प्रतिष्ठानका अनुसन्धानकर्ताहरूले सहकार्यका सम्भावित प्रारम्भिक तथा दीर्घकालीन गतिविधिबारे आफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो ।

समझदारीपत्रमा निम्नानुसार सहयोगका क्षेत्रहरू तय गरिएका छन्:

- क्षमता विकास: संयुक्त प्रशिक्षण, कार्यशाला तथा नीति विश्लेषणसम्बन्धी सीप अभिवृद्धि कार्यक्रमहरू,
- ज्ञान आदानप्रदान: अनुसन्धान निष्कर्ष, नीतिसम्बन्धी अन्तर्दृष्टि र सफल अभ्यासहरूको आदानप्रदान,
- संयुक्त अनुसन्धान: सहलेखकत्वमा नीति अध्ययन, प्रकाशन र तथ्यमा आधारित विश्लेषणहरू,
- पेशागत आदानप्रदान: भर्चुअल प्रवचन, वेबिनार, संस्था भ्रमण तथा सञ्जाल विस्तारका अवसरहरू ।

उक्त समझदारीपत्रमा प्रारम्भमा चार वर्षका लागि मान्य हुने र कुनै पक्षले पूर्वलिखित सूचना नदिएसम्म स्वत: थप चार वर्षका लागि नवीकरण हुने प्रावधान रहेको छ । नेपाल र बेलायतमा रहेका पेसागत र विधागत विज्ञहरूलाई जोड्दै उक्त सहकार्यले व्यापक नीति अनुसन्धान संस्कृति विकास गर्ने लक्ष्य लिएको छ ।

### नेपाल-चीन रणनीतिक साझेदारीसम्बन्धी संयुक्त गोष्ठी तथा नीति अनुसन्धान प्रतिष्ठान र चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीबिच सहयोगको लागि समझदारीपत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान र चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीको सहकार्यमा २०८२ जेठ ६ गते होटल बाराही, काठमाडौँमा एक संयुक्त गोष्ठी सम्पन्न भयो । "नेपाल-चीन रणनीतिक साझेदारीको समीक्षा र सम्भावना: साझा भविष्यतर्फको यात्रा" शीर्षकमा आयोजित उक्त कार्यक्रमले नेपाल र चीनबिचको कूटनीतिक सम्बन्धको ७०औँ वार्षिकोत्सव समेत स्मरण गर्‍यो ।

यस गोष्ठीले चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीका पदाधिकारीहरू, नेपालस्थित चिनियाँ राजदूतावासका पदाधिकारीहरू र नेपाल सरकारका परराष्ट्र मन्त्रालयका पदाधिकारीहरू, नीति विश्लेषक, विभिन्न विश्वविद्यालयका प्राज्ञिक विज्ञहरू तथा रणनीतिक मामिलाका जानकारहरूलाई एकै थलोमा समेटेको थियो । गोष्ठीको उद्देश्य नेपाल-चीन सम्बन्धको ऐतिहासिक विकास, वर्तमान अवस्था र भावी दिशा सम्बन्धमा प्राज्ञिक विमर्शलाई प्रवर्धन गर्नु रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा परराष्ट्र सचिव श्री अमृत बहादुर राईले नेपाल-चीन सम्बन्धको मैत्रीपूर्ण तथा बहुआयामिक चरित्रलाई रेखाङ्कित गर्दै यसको आधार पञ्चशील –शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त– मा आधारित रहेको उल्लेख गर्नुभयो । नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले रणनीतिक

साझेदारी र प्राज्ञिक सहकार्यको महत्त्वमा प्रकाश पार्नुभयो । उहाँले द्विपक्षीय, त्रिपक्षीय तथा बहुपक्षीय सहभागिता समेट्ने बहुपक्षीय कूटनीतिक संरचनाको परिप्रेक्ष्यमा नेपाल-चीन सहकार्यको विश्लेषण गरिनुपर्ने आवश्यकता समेत औँल्याउनुभयो ।

नेपालस्थित चिनियाँ राजदूतावासका उपप्रमुख श्री वाङ सिनले साझा वैश्विक भविष्य निर्माणको दृष्टिकोणअनुरूप मानव समुदायमुखी विकास प्रयासप्रति चीनको प्रतिबद्धता पुनर्पुष्टि गर्नुभयो । नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीका प्रतिनिधिमण्डल प्रमुख डा. शेन मिङहुइले संस्थाको प्राथमिकता तथा शैक्षिक साझेदारीको महत्त्वबारे जानकारी दिनुभयो ।

गोष्ठी प्रारम्भ हुनुअघि पहिलो चरणमा नीति अनुसन्धान प्रतिष्ठान र नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीबिच आपसी प्रकाशन आदानप्रदान, संयुक्त अनुसन्धान, द्विपक्षीय संवाद तथा गोष्ठी र अध्ययन भ्रमणजस्ता क्रियाकलाप आयोजना गर्ने समझदारीपत्रमा हस्ताक्षर गरिएको थियो ।

कार्यकर्मको पहिलो सत्र नेपाल-चीन सहयोग साझेदारीको समीक्षा सम्बन्धमा थियो । नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्रका प्रमुख डा. खगनाथ अधिकारीद्वारा सञ्चालित पहिलो सत्रमा नेपाल र चीनको द्विपक्षीय सम्बन्धको समीक्षा गरियो । उक्त सत्रमा प्रतिष्ठानका सहअनुसन्धानकर्ता डा. झम कुमार विश्वकर्माले दुई देशबिचको ऐतिहासिक सम्बन्धको समग्र समीक्षा गर्नुभयो भने एनआईआईएसका डा. वु झाओलीले राजनीतिक तथा आर्थिक सम्बन्धको विकासक्रम र उच्चस्तरीय भ्रमणहरूमार्फत भएको प्रगति उल्लेख गर्नुभयो । त्यसैगरी, त्रिभुवन विश्वविद्यालयका श्री अपेक्षा शाहले द्विपक्षीय सम्बन्धमा स्पष्ट सञ्चार र आपसी अपेक्षाको प्राज्ञिक महत्त्वबारे विचार राख्नुभयो । उक्त सत्रमा डा. सुन सिहुइले दुई देशका राजनीतिक, सामाजिक, आर्थिक परिप्रेक्ष्य बुझ्न जरुरी रहेको र रणनीतिक साझेदारी चीनको उच्चतम कूटनीतिक स्तर भएको बताउनुभयो । त्यस्तै, पूर्वराजदूत तथा नेपाल विश्व मामिला परिषद्का सदस्य डा. दिनेश भट्टराईले रणनीतिक साझेदारीको मूल्याङ्कनका लागि आर्थिक लाभ, वैश्विक प्रभाव र राष्ट्रिय सुरक्षालाई मापदण्डको रूपमा प्रयोग गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमको दोस्रो सत्र रणनीतिक साझेदारीका सम्भावना सम्बन्धमा थियो । नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीका डा. याङ स्याओपिङद्वारा सञ्चालित उक्त सत्र द्विपक्षीय रणनीतिक साझेदारीको भविष्यमुखी पाटोमा केन्द्रित रहेको थियो । सो सत्रमा नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजी का डा. झाङ छुयेन्युले चीनको छिमेकी कूटनीतिमा नेपालको महत्त्व विश्लेषण गर्दै व्यापार, पूर्वाधार, जलविद्युत् विविधीकरण, प्रविधि स्थानान्तरण र दिगो विकासमा साझेदारीको सम्भावना व्याख्या गर्नुभएको थियो भने प्रतिष्ठानका अनुसन्धानकर्ता डा. हरिप्रकाश चन्दले रणनीतिक साझेदारीको सैद्धान्तिक ढाँचा प्रस्तुत गर्दै तीन क्षेत्र (राजनीतिक, सामाजिक, आर्थिक) र तीन आयाम (द्विपक्षीय, त्रिपक्षीय, बहुपक्षीय) को विश्लेषण गर्नुभयो । उहाँले चीनका राष्ट्रपति सी जिनपिङले प्रस्तुत गर्नुभएको चार वटा सहकार्यका आधारहरूसँग मेल खाने "३-४-३ मोडेल" को उपयुक्ततामा पनि समीक्षा गर्नुभयो ।

कार्यक्रममा पूर्वनेपाली राजदूत डा. महेश कुमार मास्केले नेपालको सार्वभौमिकता र स्वतन्त्र नीतिको व्याख्या गर्दै रणनीतिक साझेदारी र सैनिक गठबन्धनको भिन्नता स्पष्ट पार्नुभएको थियो भने नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीका डा. झाङ सोङले नेपाल-चीन व्यापार र लगानीका सम्भावनाबारे चर्चा गर्दै भौगोलिक निकटता र पारस्परिक पूरकताको फाइदामा जोड दिनुभएको थियो । सत्रको अन्त्यमा भएको अन्तरक्रियात्मक छलफलपश्चात् डा. याङले सत्रको सारांश प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा प्रतिष्ठानको कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले समापन मन्तव्य दिँदै आयोजक, प्रस्तुतकर्ता, समीक्षक, र सहभागीहरूलाई धन्यवाद व्यक्त गर्दै गोष्ठीले अर्थपूर्ण संवादको अवसर दिनुका साथै नयाँ सम्भावनाहरू खोलिदिएको बताउनुभयो । साझा भविष्य साकार पार्न अनुसन्धान र नीति संवादको निरन्तर आवश्यकतामा पनि उहाँले जोड दिनुभयो ।

## नीति अनुसन्धान प्रतिष्ठान र नेपाली एकेडेमिक्स इन अमेरिकाबिच सहयोग तथा सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान र अमेरिकास्थित नेपाली प्राज्ञिक पेसाकर्मीहरूको सङ्गठन Nepali Academics in America (NACA) का बिच अनुसन्धान सहकार्य, ज्ञान साटासाट र प्राज्ञिक सहयोगको लागि प्रतिष्ठानको कार्यालयमा २०८१ चैत १ गते एक समझदारीपत्रमा हस्ताक्षर भयो । प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ अधिकारी र NACA का सभापति प्रा.डा. ज्ञान न्यौपानेले NACA समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो ।

नेपाली एकेडेमिक्स इन अमेरिका (NACA) अमेरिकामा कार्यरत प्राज्ञिक पेशाकर्मीहरूबिच विचार, चुनौती, अनुभव र समाधानको विनिमयद्वारा समुदाय विकास र नेपाल तथा अन्य मुलुकमा अनुसन्धान तथा शैक्षिक सहकार्य सम्बर्धन गर्नको लागि स्थापित संस्था हो ।

समझदारीपत्रमा दुई संस्थाहरूबिच क्षमता विकास, ज्ञान प्रसार, संगोष्ठी, नीति समीक्षा र पृष्ठपोषण, अनुसन्धान सहजीकरण र सहसिकाइका अवसर लगायतका क्षेत्रमा सहयोग र सहकार्य हुने उल्लेख छ ।

हस्ताक्षरपछि भएको सङ्क्षिप्त छलफलमा प्रा.डा. लेखनाथ शर्माले केही समयअघि NACA का सदस्य तथा ओहायो विश्वविद्यालयका सहप्राध्यापक डा आरती मलेकुले नीति अनुसन्धान प्रतिष्ठानमा सञ्चालन गर्नुभएको मिश्रित अनुसन्धान विधिसम्बन्धी एक कार्यशालाको उल्लेख गर्दै त्यसलाई सहकार्य सुरु भएको दृष्टान्तको रूपमा उल्लेख गर्नुभयो । प्रतिष्ठानमा नियुक्त भएका नयाँ अनुसन्धानकर्ताहरूको लागि सो कार्यशालाको दोस्रो चरण आयोजना गर्ने तथा नीति अनुसन्धान प्रतिष्ठानको तर्फबाट NACA का सदस्यहरूको लागि प्राज्ञिक अनुसन्धानको नीति-अभिमुखीकरणसम्बन्धी विषयमा एक सेमिनार गर्ने सहमति बनेको थियो ।

हस्ताक्षर गरिएको समझदारीपत्रको अवधि दुई वर्षको हुने र यस अवधिका उपलब्धिहरू तथा आपसी चाहनाको आधारमा समझदारीपत्रको नवीकरण गरिने समझदारीमा उल्लेख छ ।

### प्रतिष्ठान र नेपाल उद्योग परिसंघबिच सहयोग र अनुसन्धान सहकार्यको लागि समझदारी पत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान र नेपाल उद्योग परिसंघबिच आपसी सहयोग र अनुसन्धान सहकार्यको लागि २०८१ फागुन ८ गते एक समझदारीपत्रमा हस्ताक्षर भयो । नेपाल उद्योग परिसंघको कार्यालय थापाथलीमा आयोजित उक्त समारोहमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा र परिसंघका महानिर्देशक डा. घनश्याम ओझाले परिसंघका अध्यक्ष श्री राजेश कुमार अग्रवाल, वरिष्ठ उपाध्यक्ष श्री वीरेन्द्र राज पाण्डे र अन्य पदाधिकारीहरू तथा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा सूचना तथा ज्ञान व्यवस्थापन विभाग प्रमुख डा. दीपक कुमार खड्काका उपस्थितिमा समझदारी पत्रमा हस्ताक्षर गर्नुभयो । समझदारी पत्रमा देहायका विषय र क्षेत्रमा सहयोग र सहकार्य गर्न सकिने उल्लेख छः

(क) उद्योग, सेवा र सम्बद्ध सबै क्षेत्रका सार्वजनिक नीति सान्दर्भिक अनुसन्धानहरू,
(ख) नीति प्रयोगशालासम्बन्धी क्रियाकलापहरू,
(ग) सार्वजनिक नीतिमा प्राज्ञिक संवाद,
(घ) तालिम, गोष्ठीलगायतका अनुसन्धान क्षमता विकास कार्यक्रम,
(ङ) प्राज्ञिक तथा औद्योगिक सभा सम्मेलन,
(च) अनुसन्धान प्रसार, प्रकाशन,
(छ) मानव स्रोत, सूचना, तथ्याङ्क, सामग्री, पुस्तकालय र बौद्धिक सम्पत्ति लगायतका स्रोतहरूमा सहयोग आदानप्रदान र सहकार्य,
(ज) राष्ट्रिय महत्त्वका र आपसी सहमतिमा गर्न सकिने अन्य कार्य ।

सो समारोहमा परिसंघका अध्यक्ष श्री राजेश कुमार अग्रवाल र वरिष्ठ उपाध्यक्ष श्री वीरेन्द्र राज पाण्डे, प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा र प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले संगठनहरूका वर्तमान क्षमता र गतिविधिहरू लगायतको बारेमा र अपेक्षित सहयोग र सहकार्यको बारेमा बोल्नुभएको थियो ।

## भेटघाट तथा छलफल

### स्थानीय तहमा कानुन निर्माण प्रक्रिया र कार्यान्वयन अवस्थासम्बन्धी अध्ययनको प्रारम्भिक नतिजाको प्रस्तुति र छलफल

स्थानीय तहमा कानुन निर्माण प्रक्रिया र यसको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययनको प्रारम्भिक निष्कर्षहरू प्रस्तुत तथा छलफल गर्ने उद्देश्यले २०८२ जेठ २३ गते नीति अनुसन्धान प्रतिष्ठानको सभा हलमा एक कार्यक्रम सम्पन्न भयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा प्रतिष्ठान अन्तर्गतको शासकीय प्रबन्ध तथा संघीय मामिला नीति अध्ययन केन्द्रले गरेको उक्त अध्ययनले स्थानीय सरकारहरूले अपनाउने कानुन निर्माण प्रक्रियाहरूको विश्लेषण गर्नुका साथै स्थानीय, प्रादेशिक तथा संघीय कानुनी संरचनाको सन्दर्भमा तिनको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरेको छ ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, नेपाल कानुन आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र अन्य मन्त्रालयका विभिन्न प्रतिनिधिका साथै स्थानीय

सरकारका प्रतिनिधिहरू, गाउँपालिका तथा नगरपालिका महासंघ, जिल्ला समन्वय समितिका प्रतिनिधि र अन्य विषय विज्ञहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपानेले सहभागीहरूलाई स्वागत गर्नुभएको थियो भने अध्ययन टोलीका प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. मुक्ति राम रिजालले प्रारम्भिक निष्कर्षहरू प्रस्तुत गर्दै छलफलको सञ्चालन गर्नुभएको थियो ।

अध्ययनको अवधारणागत ढाँचा प्रस्तुत गर्दै डा. रिजालले पूर्वविधायिकी आगत, विधायिकी प्रक्रिया र उत्तर विधायिकी प्रतिफललाई आधार मानेर स्थानीय तहमा कानुन निर्माण प्रक्रियाका सम्बन्धमा गरिएका व्यवस्था, विधायिकी प्रक्रियामा देखिएका चुनौतीहरू र कानुन कार्यान्वयनको अवस्थाबारे अध्ययन गरिएको जानकारी दिनुभयो । डा. रिजालको प्रस्तुतिमा प्रदेश सभाबाट स्थानीय विधायिकी कार्यलाई निर्देशित गर्न जारी गरिएका कानुनहरूको विवरण, अध्ययन गरिएका स्थानीय तहमा निर्मित कानुनको सङ्ख्या; पूर्वविधायिकी, विधायिकी र उत्तर विधायिकी चरणमा कानुनी व्यवस्था र अभ्यास, नागरिकको दृष्टिमा स्थानीय कानुन निर्माण प्रक्रिया र स्थानीय कानुन कार्यान्वयनको सन्दर्भजस्ता विषयहरू समावेश थिए ।

प्रस्तुतिपछि सहभागीहरूले अध्ययनको उपलब्धिहरूमा आफ्ना धारणा तथा सुझावहरू राख्दै अध्ययनको नमुना आकार र केस स्टडीको समीक्षा गर्नुका साथै नीति अनुसन्धान प्रतिष्ठानको संस्थागत दृष्टिकोणलाई प्रतिबिम्बित गर्न अध्ययनको दायरालाई विस्तार गर्न सुझावहरू दिनुभयो । छलफलमा स्थानीयस्तरमा विधायिकी र नीति कार्यान्वयन प्रक्रियाहरूलाई प्रभावित र नियन्त्रण गर्ने तीन-तहको सरकारहरूको कानुनको द्वन्द्वको बारेमा पनि चिन्ता व्यक्त गरिएको थियो ।

कार्यक्रमको समापनमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले सहभागीहरूद्वारा प्रदान गरिएका मूल्यवान सुझावहरूप्रति आभार व्यक्त गर्दै ती सुझावहरू अध्ययनको अन्तिम परिमार्जनमा समावेश गरिने प्रतिबद्धता जनाउनुभयो ।

### भारत-नेपाल रणनीतिक हितमा बदलिएका अवधारणाहरू विषयक प्रवचन र छलफल कार्यक्रम

प्रतिष्ठानले आफ्नो सभा हलमा २०८२ वैशाख १६ गते "भारत-नेपाल रणनीतिक हितमा बदलिएका अवधारणाहरू" शीर्षकमा एक प्रवचन र छलफल कार्यक्रमको आयोजना गर्‍यो । उक्त कार्यक्रममा विज्ञ वक्ताको रूपमा प्रा.डा. संगीता थपलियाललाई आमन्त्रित गरिएको थियो । सन् २००८ देखि नयाँ दिल्लीस्थित जवाहरलाल नेहरु विश्वविद्यालयसँग आबद्ध रहनुभएको उहाँ हाल भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (Indian Council for Cultural Relations [ICCR]) को तर्फबाट काठमाडौं विश्वविद्यालयमा चेयरको रूपमा कार्यरत हुनुहुन्छ । अन्तर्राष्ट्रिय सम्बन्धमा विशेषज्ञता हासिल गर्नुभएका प्रा. थपलियालको रणनीतिक अध्ययन, ट्रान्स-हिमालयन सञ्जाल, जल सुरक्षा आदि क्षेत्रहरूमा विशेष रुचि र दखल रहेको छ ।

प्रवचन कार्यक्रमको सञ्चालन नीति अनुसन्धान प्रतिष्ठानको परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्रका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य दिँदै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले प्राचीन समयदेखि हालसम्म नेपाल-भारत सम्बन्धमा भएका परिवर्तन र तिनको प्रवृत्तिहरूका बारेमा आफ्नो चासो व्यक्त गर्नुभयो ।

प्रा. थपलियालले अन्तर्राष्ट्रिय सम्बन्धमा रणनीतिले सुरक्षा र सैनिक विषयलाई मात्र नभई सामाजिक-राजनीतिक आयामलाई समेत समेट्ने बताउँदै विद्वतवर्ग तथा अनुसन्धानकर्ताहरूले यससम्बन्धी अवधारणा निर्माण गर्दा विद्यमान सन्दर्भलाई उचित तवरले विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाललाई "दुई ढुङ्गाबिचको तरुल" भनेर चिनाउने ऐतिहासिक सन्दर्भ प्रस्तुत गर्दै, भारत र चीनजस्ता दुई ठुला राष्ट्रहरूको बिचमा अवस्थित भूपरिवेष्टित राष्ट्रको रूपमा नेपाललाई कसरी बुझिएको थियो भन्ने विषयमा पनि प्रा. थपलियालले प्रकाश पार्नुभयो । उहाँले नेपाल-भारत सम्बन्धको अवधारणामा आएको परिवर्तनसँगै नेपाललाई भूपरिवेष्टित मुलुकको रूपमा मात्र सिमित नराखी उत्तरी र दक्षिणी अर्थतन्त्रको पुलको रूपमा स्थापित गर्ने अवधारणाको विकास हुँदै गएको उल्लेख गर्नुभयो । साथै, उहाँले पृथ्वीनारायण शाहको "दिव्योदेश" वर्तमान परिप्रेक्ष्यमा समेत सान्दर्भिक रहेको विचार प्रकट गर्नुभयो ।

अन्तर्राष्ट्रिय सम्बन्धका बदलिँदा प्रवृत्तिहरूको सन्दर्भमा अनुसन्धानकर्ताहरूले नेपालले भूपरिवेष्टित राष्ट्रको रूपमा अपनाउनुपर्ने रणनीति; आन्तरिक मामिलाहरू र विदेश नीतिले एक अर्कोमा पार्ने प्रभावहरू; नेपाल र भारतको आपसी

लाभ सुनिश्चिततताका लागि विवाद समाधानमा समन्वयको आवश्यकता जस्ता विषयमा शोध गर्नुपर्ने उहाँको तर्क रहेको थियो ।

छलफलको क्रममा डा. खगनाथ अधिकारीले भारत-नेपाल सम्बन्धको ऐतिहासिक पृष्ठभूमिमा आधारित केही महत्त्वपूर्ण प्रकाशनहरूको बारेमा उल्लेख गर्नुभयो । छलफलका क्रममा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ता र इन्टर्नहरूबाट विशेष गरी नेपाल-भारत सम्बन्धका कठिन पक्षहरू, हालका रणनीतिक चासोहरू तथा अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन गर्ने अनुसन्धान विधिसम्बन्धी प्रश्नहरू उठाइएका थिए ।

कार्यक्रमको समापनमा कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले प्रा. थपलियालको प्रस्तुति र महत्त्वपूर्ण विचारहरूप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

## अन्तरक्रिया

### नीति अनुसन्धान प्रतिष्ठान बोर्ड तथा कर्मचारीबिच परिचय तथा अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान विकास समितिका सदस्यहरू र कर्मचारीबिच २०८२ असार १ गते प्रतिष्ठानको सभा हलमा परिचय तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेश २०७५ बमोजिम गठित प्रतिष्ठानमा अनुसन्धान समूहमा २२ र अन्य गरी ३५ जनाको दरबन्दी रहेकामा केही समयदेखि विभिन्न पदहरू रिक्त रही पछिल्लो समयमा ती सबै रिक्त पदहरूमा नियुक्ति भएको सन्दर्भमा उक्त अन्तरक्रिया गरिएको थियो । प्रतिष्ठानले दुई चरणमा गरी १ जना वरिष्ठ अनुसन्धानकर्ता, ५ जना अनुसन्धानकर्ता, ४ जना सहअनुसन्धानकर्ता, ३ जना विश्लेषक, ३ जना वरिष्ठ सहायक लगायत वार्षिक रूपमा सञ्चालन गरिने इन्टर्नसिप कार्यक्रम अन्तर्गत ९ जना इन्टर्नहरूको नियुक्ति गरी सम्पूर्ण पदहरू पूर्ति गरेको छ ।

प्रतिष्ठानका कार्यालय प्रबन्धक तथा बोर्ड सदस्य सचिव श्री लक्ष्मण प्रसाद भट्टराईले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका नवनियुक्त अनुसन्धानकर्ता तथा अन्य कर्मचारीहरूले आफ्ना शैक्षिक पृष्ठभूमि र अनुसन्धान अनुभव तथा रुचिबारे जानकारी दिई सुम्पिएको जिम्मेवारीप्रति आफ्ना प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।

परिचयपश्चात्, प्रतिष्ठानका कार्यालय प्रबन्धक श्री लक्ष्मण प्रसाद भट्टराई, अनुसन्धान विभाग प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपाने र सूचना तथा ज्ञान व्यवस्थापन विभागका प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले आफ्ना विभाग अन्तर्गत भएका कार्यहरूमा आधारित भई प्रस्तुतीकरण दिनुभएको थियो ।

विभागीय प्रस्तुति तथा परिचयमा आधारितभई बोर्ड सदस्यज्यूहरूले आफ्ना राय प्रकट गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै बोर्ड सदस्य डा. श्यामु थापा मगरले विभिन्न विधामा विशिष्टता हासिल गर्नुभएका अनुसन्धानकर्ताहरू छनोट भई आएकोमा खुसी प्रकट गर्दै आगामी दिनमा प्रतिष्ठानप्रति उहाँहरू जिम्मेवार रहने अपेक्षा व्यक्त गर्नुभयो । यसैगरी, बोर्ड सदस्य डा. इन्द्र कुमारी अधिकारीले संस्थाले गर्ने अनुसन्धानका कार्यहरूको सान्दर्भिकता, गुणस्तर र औचित्य स्थापित गर्दै प्रमाणमा आधारित नीति सिफारिस गर्न सबै तत्पर रहनुपर्ने उल्लेख गर्नुभयो । साथै, बोर्ड सदस्य डा. पुष्पराज राजकर्णिकारले नेपालमै केही गर्छु भन्ने दृढ अठोटका साथ नीति अनुसन्धानका क्षेत्रमा प्रवेश गर्नुभएका प्राज्ञिक व्यक्तिहरूमा समस्या तथा अभावको स्थितिमा पनि उत्कृष्ट योगदान गर्ने सामर्थ्य रहने विश्वास प्रकट गर्नुभयो ।

कार्यक्रमको समापनमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले प्रतिष्ठानप्रति रहेका अपेक्षा र प्रतिष्ठान परिवारले व्यक्त गरेका प्रतिबद्धताबिच सामञ्जस्य कायम गर्दै नीति अनुसन्धानका कार्यमा सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नु आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले सम्पूर्ण कर्मचारीहरूबाट यथोचित योगदान प्राप्त हुने आशा व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

### आर्थिक कूटनीतिको लागि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरणसम्बन्धी अध्ययनको लागि अन्तरक्रिया कार्यक्रम

नीति अनुसन्धान प्रतिष्ठान र परराष्ट्र मन्त्रालयका कर्मचारीहरूबिच "आर्थिक कूटनीति प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरण" विषयमा २०८२ वैशाख ३ गते परराष्ट्र मन्त्रालय, सिंहदरबारमा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा परराष्ट्र मन्त्रालयका २० जना पदाधिकारीहरू र प्रतिष्ठानका

प्रतिनिधिको रूपमा डा. खगनाथ अधिकारी, डा. हरि प्रकाश चन्द, डा. झम कुमार विश्वकर्मा, बिमल चन्द्र शर्मा र जुना श्रेष्ठ उपस्थित हुनुभएको थियो ।

नेपालले आर्थिक कूटनीति प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरण अत्यावश्यक पूर्वसर्त रहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सो सम्बन्धमा एक सङ्क्षिप्त अनुसन्धान प्रतिवेदन तयार गर्न लागेको छ । यसका लागि तथ्याङ्क सङ्कलन गर्ने सिलसिलामा उक्त छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

उक्त छलफलमा नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले आर्थिक कूटनीति र संस्थागत सुदृढीकरणका विविध आयाम र उपायहरू विषयमा प्रस्तुति दिनुभएको थियो । त्यसपछि परराष्ट्र मन्त्रालयको तर्फबाट सम्पूर्ण सहभागीहरूले आर्थिक कूटनीतिको प्रभावकारी सञ्चालन तथा परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरणका उपायहरू सम्बन्धमा महत्त्वपूर्ण विचार तथा धारणाहरू प्रस्तुत गर्नुभएको थियो ।

परराष्ट्र मन्त्रालयमा आयोजना गरिएको सो छलफलमा मन्त्रालयका तर्फबाट सहसचिव, उपसचिवहरू र शाखा अधिकृतहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रम परराष्ट्र मन्त्रालयको तर्फबाट सहसचिव श्री लक्ष्मण खनालले संयोजन गर्नुभएको थियो ।

## अनुसन्धानकर्ताहरूको लागि गुणात्मक शोधविधि तथा तथ्याङ्क विश्लेषणसम्बन्धी कार्यशाला गोष्ठी

नीति अनुसन्धान प्रतिष्ठान र Nepali Academics in America (NACA) को सहकार्यमा "नीति प्रवर्धनका लागि गुणात्मक अनुसन्धान पद्धति तथा तथ्याङ्क विश्लेषण: कथाको महत्त्व" शीर्षकमा २०८१ चैत्र १३ गते प्रतिष्ठानको सभा हलमा एक अन्तरक्रियात्मक कार्यशाला आयोजना सम्पन्न भयो ।

प्रतिष्ठानका कर्मचारीहरूको प्रशिक्षणका लागि आयोजित उक्त कार्यशालाको सहजीकरण ओहायो स्टेट विश्वविद्यालयको सोसियल वर्क कलेजका सह-प्राध्यापक तथा नेपाली एकेडेमिक्स इन अमेरिकाका महासचिव डा. आरती मलेकुले गर्नुभएको थियो । विषयवस्तुको समृद्ध र सान्दर्भिक तवरले विश्लेषण गरी नीति निर्णयहरूमा प्रभाव पार्न र परिवर्तनलाई उत्प्रेरित गर्नका लागि गुणात्मक अनुसन्धानले पुऱ्याउन सक्ने योगदानको बारेमा छलफल गरी जानकारी प्रदान गर्नु सो कार्यशालाको मुख्य उद्देश्य रहेको थियो ।

डा. मलेकुले गुणात्मक तथ्याङ्क सङ्ख्याहरूभन्दा विस्तृत हुने र यसमा भावना मिसिएको हुने तर्क राख्दै सत्रको सुरुआत गर्नुभएको थियो । अनुसन्धानको उद्देश्य, परिभाषा, नमुना विधि, तथ्याङ्कको प्रकृति र अनुसन्धानकर्ताको भूमिकाका आधारमा गुणात्मक र गणनात्मक अनुसन्धानबिचका भिन्नताहरूलाई स्पष्ट पारिएको थियो ।

कार्यशालामा खास गरी गुणात्मक अनुसन्धान पद्धतिहरू, गुणात्मक अनुसन्धान विधि र प्रक्रिया, अनुसन्धान नैतिकता, गुणात्मक तथ्याङ्क विश्लेषण, नीति अभ्यासमा गुणात्मक अनुसन्धानको प्रयोगबारे छलफल भएको थियो ।

डा. मलेकुले grounded theory मा आधारित अनुसन्धान, घटना क्रिया विज्ञान (phenomenological) अनुसन्धान, कार्यमूलक अनुसन्धान, कथात्मक अनुसन्धान र केस अध्ययन लगायत विभिन्न गुणात्मक पद्धतिहरू तथा नीति अनुसन्धानमा तिनको प्रयोगको बारेमा पनि छलफल गर्दै र विषयगत विश्लेषण (thematic analysis) को प्रारूप प्रस्तुत गर्दै सार्वजनिक नीति संवादजस्ता कार्यक्रमबाट प्राप्त गुणात्मक तथ्याङ्कको प्रणालीबद्ध विश्लेषणको लागि कन्सेन्सस म्यापिङ, नीति कथनहरूको व्याख्या र व्यवहार उपयोगी नीति सङ्क्षेपको विकासजस्ता पद्धतिहरूको सिफारिस गर्नुभएको थियो ।

कार्यक्रममा प्रतिष्ठानका पदाधिकारीहरू र अनुसन्धान फेलोहरूको उपस्थिति रहेको थियो ।

## नीति अनुसन्धान प्रतिष्ठानमा मिश्रित शोधविधिसम्बन्धी एक कार्यशालाको आयोजना

मिति २०८१ फागुन १९ गते नीति अनुसन्धान प्रतिष्ठानको सभा हलमा "मिश्रित शोधविधिको रूपान्तरणात्मक शक्तिको उपयोग: नीति अभ्यासमा तथ्याङ्कदेखि कार्यसम्म" विषयक एक अनुसन्धान कार्यशालाको आयोजना गरियो । कार्यशालालाई ओहायो स्टेट युनिभर्सिटी कलेज अफ सोसल वर्कका सहप्राध्यापक तथा Nepali Academics in America (NACA) को कार्यकारी परिषद्का महासचिव डा. आरती मलेकुले सञ्चालन गर्नुभएको थियो ।

कार्यशालाको पहिलो उद्देश्य सहभागीहरूलाई मिश्रित विधिहरूको ऐतिहासिक र दार्शनिक जगहरूमा आधारित योजना, विधि र व्याख्या चरणहरूमा मिश्रित तथ्याङ्कहरूको एकीकरण गर्ने व्यावहारिक रणनीतिहरूबारे परिचय गराउनु

थियो भने अर्को उद्देश्य नीति अनुसन्धान संस्थाका अनुसन्धानकर्ताहरूका शोधविधिसम्बन्धी अनुभवहरू आदान-प्रदान गर्ने अवसर उपलब्ध गराउनु थियो ।

कार्यशालाले मिश्रित शोधविधिका ऐतिहासिक जग, दार्शनिक जग, गुणात्मक र परिमाणात्मक तथ्याङ्कहरूका अनुसन्धान योजना तहमा, विधि तहमा र विश्लेषण तथा प्रतिवेदनको तहमा एकीकरण कसरी गर्ने भन्ने विषय र नीति अभ्यास र वास्तविक संसारको लागि मिश्रित विधिको प्रयोगको बारेमा प्रकाश पारेको थियो । त्यसैगरी, कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानमा अभ्यास हुने गरेका सार्वजनिक नीति संवाद र बहुचरणात्मक सूचना सङ्कलन लगायतका नीति अनुसन्धान विधिहरू तथा यस्ता विधिहरूको सैद्धान्तिकीकरणबाट मिश्रित शोधविधिको सिद्धान्तमा गर्न सकिने सम्भावित योगदानहरूका बारेमा छलफल भएको थियो । कार्यक्रममा प्रतिष्ठानमा पदाधिकारीहरू र अनुसन्धानकर्ताहरू सहभागी थिए ।

कार्यक्रमको अन्त्यमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले अन्तरक्रियात्मक र अन्तर्दृष्टिपूर्ण प्रस्तुतिको लागि डा. मलेकुप्रति आभार व्यक्त गर्दै कार्यशालाको समापन गर्नुभयो । उहाँले विश्वविद्यालयमा अनुसन्धान शिक्षण र सुपरिवेक्षण गर्दा मिश्रित विधिको शिक्षण र उपयोगबारे आफ्ना अनुभव समेत बताउँदै नेपाली एकेडेमिक्स इन अमेरिकासँग जीवन्त सम्पर्क र सहयोग तथा सहकार्य हुने कुरामा विश्वास व्यक्त गर्नुभयो ।

## तालिम/अभिमुखीकरण

### क्षेत्रगत सार्वजनिक नीतिको तर्जुमा र परिवर्तनको सिद्धान्तको प्रयोगसम्बन्धी एक दिने तालिम

प्रतिष्ठानले मिति २०८२ जेठ ८ गते कार्यालयको सभा हलमा "विषय क्षेत्रगत सार्वजनिक नीतिको तर्जुमा र परिवर्तनको सिद्धान्तको प्रयोग" सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् विभिन्न मन्त्रालयमा नीति तथा योजना निर्माणमा प्रत्यक्ष संलग्न प्रतिनिधिहरूलगायत नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ता, विश्लेषक तथा इन्टर्नहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सहजीकरण नीति निर्माण, अनुगमन तथा मूल्याङ्कनमा लामो अनुभव रहेका नेपाल सरकारका पूर्वसचिव डा. तीर्थराज ढकालले गर्नुभएको थियो ।

सहभागीहरूलाई स्वागत गर्दै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले नीति निर्माणको क्षेत्रमा कार्यरत पदाधिकारी तथा अनुसन्धान र समीक्षामार्फत नीति निर्माणमा सहयोग गर्ने अनुसन्धानकर्ता सबैले सार्वजनिक नीति तर्जुमाको प्रक्रिया र विधिहरूको प्रयोगमा दक्षता हासिल गर्नु अत्यन्तै आवश्यक रहेको बताउनुभयो ।

उक्त प्रशिक्षणमा राष्ट्रिय नीति, सार्वजनिक नीति र क्षेत्रगत सार्वजनिक नीति को अवधारणा; क्षेत्रगत सार्वजनिक नीतिको प्रचलित संरचना; नतिजा शृङ्खलाका अवयवहरू; दूरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्य लेखन शैली; नीति, रणनीति, कार्यनीति, कार्यान्वयन कार्ययोजना तथा माइलस्टोन; सार्वजनिक नीति निर्माणमा परिवर्तनको सिद्धान्त तथा लगफ्रेमको प्रयोग र केही प्रचलित नीतिहरूको अवलोकन, समीक्षा र देखाइ/बुझाइ आदिबारे घनीभूत छलफल भएको थियो ।

नेपाल सरकारले स्वीकृत गर्ने राष्ट्रिय नीतिको ढाँचामा छलफल गर्दै डा. ढकालले नतिजामूलक नीति तथा योजना निर्माणमा प्रयोग हुने मुख्य विधिहरू: सरोकारवालाहरूको विश्लेषण, समस्या/कारण-असर विश्लेषण, साधन-साध्य विश्लेषण तथा लजिकल मोडल र नतिजा खाकाको बारेमा आधारभूत जानकारी दिनुभएको थियो । डा. ढकालले नतिजा शृङ्खलाको विभिन्न चरणहरूमा जोखिमको अवस्था र व्यवस्थापकीय नियन्त्रणको महत्त्व तथा कार्यान्वयन नतिजा र विकास नतिजाको अन्तरबारे स्पष्ट पार्दै समस्या वा वस्तुस्थितिलाई गहिराइबाट केलाएर मात्र व्यावहारिक रूपमा स्पष्ट नीतिगत दस्तावेजको खाका तयार गर्ने सम्बन्धमा छलफल गर्नुभएको थियो ।

डा. ढकालले नीति निर्माण गर्दा मुख्य समस्याको पहिचान गर्ने तरिका, उपलब्ध विकल्पको छनौट उद्देश्य, रणनीतिहरू र सम्भाव्य हस्तक्षेप पहिचान गर्ने तरिकाबारे छलफल गर्दै परिवर्तनको सिद्धान्त र लगफ्रेम निर्माण गर्नाले लगानीको विन्दुदेखि प्रभावसम्मको मार्गचित्र प्रष्ट पार्ने र नीतिको प्रभावकारिता मूल्याङ्कन गर्ने आधारबारे पनि छलफल गर्नुभएको थियो ।

प्रशिक्षणबाट प्राप्त अवधारणागत स्पष्टताले नीति निर्माण, समीक्षा र अनुसन्धानका आगामी क्रियाकलापमा उल्लेखनीय सहयोग पुऱ्याउने विश्वास लिँदै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले डा. ढकाललाई विशेष धन्यवाद व्यक्त गरी कार्यक्रमको समापन गर्नुभयो ।

### नवनियुक्त अनुसन्धानकर्ता र इन्टर्नहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम

प्रतिष्ठानले नवनियुक्त अनुसन्धानकर्ता र इन्टर्नहरूको लागि आधा दिनको अभिमुखीकरण कार्यक्रम २०८१ चैत ६ गते बुधवार प्रतिष्ठानकै सभा हलमा आयोजना गऱ्यो । उक्त कार्यक्रमको उद्देश्य नवनियुक्तहरूलाई एकापसमा परिचय गराउने तथा संस्थाको संरचना र कार्यप्रणाली, अनुसन्धान प्रक्रिया र प्रशासनिक प्रावधानहरूको बारेमा जानकारी प्रदान गर्नु रहेको थियो ।

अनुसन्धान विभागका विश्लेषक रिजा मानन्धरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा स्वागत मन्तव्य दिँदै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले संस्थामा सहकार्यपूर्ण वातावरण कायम राख्नका लागि सिकाइ संस्कृति, नैतिकता र व्यावसायिकताको महत्त्वलाई जोड दिनुभयो । प्रा.डा. शर्माले नीतिहरूको विश्लेषण गर्नु, अनुसन्धान गर्नु र बलियो तथा प्रमाणमा आधारित व्यावहारिक सिफारिसहरू प्रदान गर्नु नीति अनुसन्धानकर्ताका कार्यहरू रहेको पनि उजागर गर्नुभयो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा प्रवक्ता डा. दीपक कुमार खड्काले अनुसन्धानका लागि ज्ञान सृजना शृङ्खला, अनुसन्धान इकोसिस्टम र "नीतिका लागि अनुसन्धान" र "नीति माथि अनुसन्धान" मा नीति अनुसन्धान प्रतिष्ठानको भूमिकाका सन्दर्भमा प्रस्तुति दिनुभएको थियो । प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण भट्टराईले संस्थाको इतिहास, अनुसन्धान र व्यवस्थापनसँग सम्बन्धित समितिहरू, मानव संसाधन, वित्तीय स्थिति र जिन्सी व्यवस्थापनका बारेमा पूर्ण जानकारी दिनुभयो । उहाँले प्रशासनिक दायित्वहरू र कर्मचारी सुविधाबारे पनि वर्तमान नियम र नियामक दस्तावेजहरूको सन्दर्भमा पनि व्याख्या गर्नुभयो ।

पुस्तकालय व्यवस्थापन संयोजक बिमल चन्द्र शर्माले नीति अनुसन्धान संस्थाको नीति स्रोत केन्द्रको परिचय दिँदै उपलब्ध प्रमुख स्रोतहरू, तिनीहरूको वर्गीकरण, पहुँचका तरिकाहरू र अन्य सेवा सुविधाहरूको बारेमा जानकारी दिनुभयो । साथै, श्री निराजन पराजुलीले नेपाल रिसर्च एण्ड एजुकेसन नेटवर्कको प्रतिनिधित्व गर्दै "एडुरोम कार्यान्वयन र नेपालमा शैक्षिक सहयोगमा यसको प्रभाव" विषयमा छोटो प्रस्तुति दिनुभएको थियो ।

## नीति प्रवचन

### नीति अनुसन्धान प्रतिष्ठानमा श्रम आप्रवासन र विप्रेषणसम्बन्धी नीति प्रवचन

प्रतिष्ठानले २०८२ जेठ १३ गते "नेपालमा श्रम आप्रवासन निर्णय र त्यसको विप्रेषणमा प्रभावः नीतिगत कार्यहरूको लागि अन्तर्दृष्टि" शीर्षकमा एक नीति प्रवचन आयोजना गऱ्यो। उक्त सत्रमा अतिथि विज्ञको रूपमा उत्तरी एरिजोना विश्वविद्यालयको स्कुल अफ पब्लिक अफेयर्स एण्ड एड्मिनिस्ट्रेसनका प्राध्यापक डा. उदयराज वाग्लेले प्रस्तुति दिनुभएको थियो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय श्रम आप्रवासनका सैद्धान्तिक पक्षहरूको विस्तृत परिदृश्य प्रस्तुत गर्दै डा. वाग्लेले नेपाल जीवनस्तर सर्वेक्षण (तेस्रो र चौथो चरण) को तथ्याङ्कको विश्लेषण प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा डा. वाग्लेले व्यक्ति वा परिवारहरूले गन्तव्य छनोट गर्दा लागत र लाभको सावधानीपूर्वक मूल्याङ्कन गर्दै निर्णय लिने विषय, मानव पुँजी र वित्तीय सम्पत्तिका आधारमा विप्रेषण प्राप्त हुने देश र क्षेत्रहरूको सन्दर्भ, यस्ता आप्रवासन प्रवृत्तिहरूमा आमूल परिवर्तन नआएसम्म (जस्तैः आप्रवासन पहुँच, द्विपक्षीय सम्झौता, शिक्षा, आन्तरिक रोजगारी र उद्यमशीलता) ती प्रवृत्तिहरू उल्टिने सम्भावना कम रहने अवस्थाबारे अध्ययनका निष्कर्षहरू प्रस्तुत गर्नुभएको थियो ।

प्रस्तुतिपछि भएको प्रश्नोत्तर सत्रमा प्रतिष्ठानका अनुसन्धानकर्ताहरूको सक्रिय सहभागिता रहेको थियो ।

### नेपालको जनसाङ्ख्यिक पूर्वानुमान र तिनका नीतिगत निहितार्थ विषयमा नीति प्रवचन

प्रतिष्ठानले २०८१ चैत २६ गते "नेपालको जनसाङ्ख्यिक पूर्वानुमान र तिनका नीतिगत निहितार्थ" शीर्षकमा नीति प्रवचन आयोजना गऱ्यो । सो प्रवचनका विज्ञ वक्ता इन्टर्नेशनल इन्स्टिच्युट फर अप्लाइड सिस्टम एनालाइसिस (IIASA), अष्ट्रियाका वरिष्ठ अनुसन्धानकर्ता प्रा.डा. समिर केसी हुनुहुन्थ्यो । प्रा. केसी जनसङ्ख्या-आधारित प्रणाली

मोडेल (Population-based Systems Model [PopSyM]) को विस्तारित उपयोग गर्दै तथ्याङ्कीय सचेतनाको माध्यमबाट नेपाललाई सु-सूचित समाजतर्फ लैजाने उद्देश्य राखेको संस्था, 'जनसङ्ख्या र तथ्याङ्क अध्ययन अनुसन्धान हब' का संस्थापक पनि हुनुहुन्छ।

नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष डा. लेखनाथ शर्माले प्रस्तुतकर्तालाई स्वागत गर्दै नीति निर्णयमा जनसाङ्ख्यिकीको उपयोग अपरिहार्य रहेको टिप्पणी गर्नुभयो। प्रा. केसीले आफ्नो प्रस्तुतीकरणमा नेपालीहरूले राम्रो जीवनलाई परिभाषित गर्ने तरिका, नेपालमा रहेका जनसाङ्ख्यिक समस्याहरू जस्तै वृद्धावस्था-उन्मुख जनसङ्ख्या वितरण, घट्दो प्रजनन दर (जनसङ्ख्या वृद्धिदर), आप्रवासन, लैङ्गिक असमानता आदिका बारेमा प्रकाश पार्नुभयो। उहाँले जनसङ्ख्या पूर्वानुमानलाई दीर्घकालीन नीति निर्माण र रणनीतिक योजना बनाउन मजबुत ढाँचा प्रदान गर्ने उपायको रूपमा व्याख्या गर्नुभयो जसले विभिन्न विकास क्षेत्रहरूमा राष्ट्रिय र उपराष्ट्रिय लक्ष्यहरू निर्धारण गर्नका लागि महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ।

त्यसै गरी, उहाँले आफ्नो अध्ययन प्रतिवेदनमा प्रयोग भएको हाइरार्किकल कोहोर्ट कम्पोनेन्ट मोडेलका बारेमा विस्तृत जानकारी दिँदै तीन वटा कल्पित जनसाङ्ख्यिक परिप्रेक्ष्य - मध्यम परिप्रेक्ष्य (प्रगतिशील नेपाल), उच्च परिप्रेक्ष्य (सम्पन्न दिगो नेपाल) र न्यूनतम परिप्रेक्ष्य (अति कम विकसित देश नेपाल) - का आधारमा आकलन गरिएका जनसङ्ख्या प्रवृत्तिहरू प्रस्तुत गर्नुभएको थियो। स्वास्थ्य क्षेत्र (जस्तै, खोपको आवश्यकता अनुमान), शिक्षा क्षेत्र (आधारभूत तहमा भर्ना दर पूर्वानुमान), सहरी योजना, आर्थिक क्षेत्र र जातीय तथा लिङ्गमा आधारित विश्लेषण लगायतका विषयहरू पनि उहाँका प्रस्तुतिकरणमा समावेश थिए।

### नेपालका जलाधार क्षेत्रहरूमा प्रतिस्पर्धात्मक र व्यावसायिक कृषिको पुनर्स्थापना विषयमा नीति प्रवचन

प्रतिष्ठानले २२ चैत्र २०८१ चैत २२ गते आफ्नो सभा हलमा "नेपालका जलाधार क्षेत्रहरूमा प्रतिस्पर्धात्मक र व्यावसायिक कृषिको पुनर्स्थापना" विषयमा नीति प्रवचन आयोजना गऱ्यो। प्रवचनको मुख्य विषयवस्तु गोरखा जिल्लाको दरौंदी नदीको जलाधार क्षेत्रमा गरिएको एक अनुसन्धानात्मक अध्ययनमा आधारित रहेको थियो। कार्यक्रमका प्रस्तोता नेपाल सरकारका पूर्वसचिव एवम् प्रतिष्ठानको प्राकृतिक स्रोत र प्रविधि नीति केन्द्रका वरिष्ठ विधागत विज्ञ डा. सुरज पोखरेल उक्त प्रवचनका वक्ता हुनुहुन्थो।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपानेले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले नेपालको कृषि क्षेत्रलाई व्यावसायिक बनाउने र देशको आन्तरिक उत्पादनले कृषि उपजको आयातलाई प्रतिस्थापन गर्ने जस्ता विषयमा चासो व्यक्त गर्नुभयो।

डा. पोखरेलले कृषि तथा वन विज्ञान विश्वविद्यालयको जर्नलमा प्रकाशित आफ्नो अनुसन्धान लेखमा आधारित प्रस्तुतीकरण गर्नुभएको थियो। डा. पोखरेलले अन्य आवश्यक हस्तक्षेपहरू जस्तैः कृषक/उद्यमी सङ्गठनको स्थापना, पर्यावरणीय जोखिम न्यूनीकरण, जमिनको चक्लाबन्दी, लाभ साझेदारी, कृषि अनुसन्धान, सहकार्य र सञ्जालीकरणलाई पनि विस्तृत रूपमा व्याख्या गर्दै तीन प्रमुख विषयहरू - भूमि व्यवस्थापन (उपयुक्तता र उर्वरता अनुसार), उत्पादन प्राथमिकता र समुदायको सचेतीकरणमा लिनुपर्ने नीतिहरूबारे छलफल गर्नुभयो।

कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ता र इन्टर्नहरूले छलफल सत्रमा सहभागी हुँदै कृषि उत्पादनमा आत्मनिर्भरताको महत्त्व तथा व्यापार उदारीकरण र विश्वव्यापीकरणको वर्तमान युगमा उच्च मूल्य जाने स्थानीय-विशिष्ट वस्तुहरूको व्यावसायिकीकरणको आवश्यकता सम्बन्धमा आफ्ना धारणाहरू व्यक्त गर्नुभएको थियो।

## संस्थागत विकास, विस्तार र प्रसार

### विज्ञसूची अद्यावधिक

नीति अनुसन्धान प्रतिष्ठानले अनुसन्धानकार्यको लागि विज्ञहरूको सूची तयार गर्दछ। प्रतिष्ठानले निर्माण गरेको विज्ञहरूको सूची नेपाल सरकारका मन्त्रालयहरू, अन्तरगतका विभागहरू र अन्य निकायहरूलाई पनि उपयोगी हुने विश्वास गरिएको छ। विधागत विज्ञता भएका विज्ञलाई सार्वजनिक रूपमा वा व्यक्तिगत तबरले समेत सूचीकृत हुन आह्वान गरी सूची तयार हुन्छ। यसरी सूचीकृत भएका विज्ञलाई उहाँहरूको विज्ञताको आधारमा अनुसन्धान प्रस्तावनाको मूल्याङ्कन गर्ने,

नीति संवादमा सहजीकरण गर्ने, सोचपत्र लेखन, प्रतिवेदन मूल्याङ्कन लगायत जर्नल प्रकाशनमा योगदान गर्ने अवसर प्रदान गरिन्छ ।

यस अवधिमा विज्ञसूचीमा थप विज्ञहरू सूचीकृत गर्ने तथा सो सूची अद्यावधिक गर्ने कार्य निरन्तर चालु रह्यो ।

## सार्वजनिक नीति स्रोतकेन्द्रको विस्तार

सार्वजनिक नीतिसँग सम्बन्धित र आवश्यक आधारभूत अध्ययन सामग्री तथा अन्य स्रोतहरूको सङ्ग्रहकेन्द्रको रूपमा सार्वजनिक नीति संवाद केन्द्रको स्थापना भई सञ्चालन भइरहेको छ । सार्वजनिक नीति स्रोत केन्द्रको प्रमुख कार्यहरूमा स्रोत केन्द्रको अद्यावधिक र स्तरोन्नति गर्ने, सङ्ग्रहित सामग्रीहरूको सुरक्षा र आवश्यक गोप्यता कायम गर्ने, आवश्यक विद्युतीय र अन्य प्रणाली, डाटाबेस र अन्य सान्दर्भिक लगायतका) तथ्याङ्क तथा सूचना सङ्कलन र भण्डारण प्रणालीको खरिद, विकास र अद्यावधिक गर्ने, स्रोत अभिलेख गर्ने प्रणालीको विकास र सञ्चालन गर्ने, सङ्ग्रहित सामग्रीहरूको विद्युतीय प्रतिहरू विकास गर्ने, नेपाल सरकारका सम्बन्धित निकायहरू, अनुसन्धान निकायहरू, नीति विश्लेषण र अध्ययन अनुसन्धान गर्ने विज्ञ तथा संस्थाहरू तथा अन्य सरोकारवालाहरूसँग सहकार्यात्मक सम्बन्ध विकास र विस्तार गर्ने हो ।

यस अवधिमा स्रोतकेन्द्रले दायाँ दिइएको तालिकामा उल्लेख भए अनुसारका किसिम र सङ्ख्यामा सामग्रीहरू सङ्ग्रह गऱ्यो ।

| स्रोतका किसिम | सङ्ख्या |
|---|---|
| पुस्तक (छापा/विद्युतीय)/जर्नल | १९९ |
| मन्त्रिपरिषद्का निर्णयहरू | २१ |
| नीति/ऐन/नियमावली | ४८ |
| समाचारपत्रहरू | २८७ |
| समाचारका क्लिप्स | ३१ |
| श्रव्य/श्रव्य दृश्य सामग्री | ३४ |
| पावरप्वोइन्ट प्रस्तुतीकरण | २२ |
| फोटो | ५३७ |
| प्रतिवेदन र अन्य | ३६५ |
| जम्मा | १,५४४ |

*२०८१ माघ १ देखि २०८२ असार ३२ सम्मको अवधिमा सार्वजनिक नीति स्रोतकेन्द्रले सङ्ग्रह गरेका स्रोत सामग्रीहरूको विवरण*

## तस्बिरमा प्रतिष्ठानका क्रियाकलापका केही झलकहरू



*व्यक्तिगत डाटा संरक्षण नीति २०८२ को मस्यौदामा सुझाव सङ्कलनका लागि आयोजित सार्वजनिक नीति संवादका सहभागीहरू*



*व्यक्तिगत डाटा संरक्षण नीति २०८२ को मस्यौदामा सुझाव सङ्कलनका लागि आयोजित सार्वजनिक नीति संवादपश्चात् लिइएको सामूहिक तस्बिर*




*नेपालको आर्थिक वृद्धिमा वित्त र मौद्रिक नीतिबिचको समन्वयसम्बन्धी नीति संवादका सहभागीहरू*



*नेपालको आर्थिक वृद्धिमा वित्त र मौद्रिक नीतिबिचको समन्वयसम्बन्धी नीति संवादका सहभागीहरू*




*अन्तरभाषिक शिक्षण पद्दतिसम्बन्धी सार्वजनिक नीति संवादको झलक*



*अन्तरभाषिक शिक्षण पद्दतिसम्बन्धी सार्वजनिक नीति संवादपश्चात् लिइएको सामूहिक तस्बिर*



*नेपालमा कृषि बीमा कार्यक्रम कार्यान्वयन र यसको प्रभावकारितासम्बन्धी नीति संवादका सहभागीहरू*



*प्रस्तोता, ध्वनीअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षणसम्बन्धी रोम महासन्धि, १९६१ को अनुमोदनबाट पर्न सक्ने प्रभावसम्बन्धी संवादको झलक*




*प्रस्तोता, ध्वनीअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षणसम्बन्धी रोम महासन्धि, १९६१ को अनुमोदनबाट पर्न सक्ने प्रभावसम्बन्धी संवादपश्चात् लिइएको सामूहिक तस्बिर*




*नेपालमा राइड सेयरिङको नीतिगत व्यवस्था, चुनौती र तय गर्नुपर्ने अगामी व्यवस्था सम्बन्धमा आयोजित नीति संवादका सहभागीहरू*



*नेपालमा राइड सेयरिङको नीतिगत व्यवस्था, चुनौती र तय गुर्नुपर्ने अगामी व्यवस्था सम्बन्धमा आयोजित नीति संवादको झलक*



*गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्तिहरूलाई प्रदान गर्न सकिने सम्पत्तिको अधिकारसम्बन्धी सार्वजनिक नीति संवादका सहभागीहरू*



*गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्तिहरूलाई प्रदान गर्न सकिने सम्पत्तिको अधिकारसम्बन्धी सार्वजनिक नीति संवादपश्चात् लिइएको सामूहिक तस्बिर*



*भूमिसम्बन्धी विद्यमान समस्याहरू तथा समाधानका उपायसम्बन्धी सार्वजनिक नीति संवादपश्चात् लिइएको सामूहिक तस्विर*




*गभर्नेन्स ब्लुप्रिन्टको मस्यौदामा पृष्ठपोषणका लागि आयोजित सार्वजनिक नीति संवादको झलक*




*गभर्नेन्स ब्लुप्रिन्टको मस्यौदामा पृष्ठपोषणका लागि आयोजित सार्वजनिक नीति संवादपश्चात् लिइएको सामूहिक तस्विर*




पर्यटन नीति २०८१ को मस्यौदामा पृष्ठपोषणका लागि आयोजित सार्वजनिक नीति संवादपश्चात् लिइएको सामूहिक तस्बिर





नीति अनुसन्धान प्रतिष्ठान र सोसाइटी अफ नेपालिज प्रोफेसनल्स-यूके बिच नीति अनुसन्धानमा सहकार्य, सहयोग तथा क्षमता विकासका लागि समझदारीपत्रमा हस्ताक्षर हुँदै




नीति अनुसन्धान प्रतिष्ठान र सोसाइटी अफ नेपालिज प्रोफेसनल्स-यूके बिच नीति अनुसन्धानमा सहकार्य, सहयोग तथा क्षमता विकासका लागि समझदारीपत्रमा हस्ताक्षर भएपश्चात् लिइएको सामूहिक तस्बिर



*नेपाल-चीन रणनीतिक साझेदारीसम्बन्धी संयुक्त गोष्ठी तथा नीति अनुसन्धान प्रतिष्ठान र चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजी बिच सहयोगको लागि समझदारीपत्रमा हस्ताक्षरपूर्वको झलक*



*नेपाल-चीन रणनीतिक साझेदारीसम्बन्धी संयुक्त गोष्ठी र सोही अवसरमा नीति अनुसन्धान प्रतिष्ठान र चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजी बिच सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षरपश्चात् लिइएको सामूहिक तस्बिर*




*नीति अनुसन्धान प्रतिष्ठान र नेपाली एकेडेमिक्स इन अमेरिकाबिच सहयोग तथा सहकार्यका लागि हस्ताक्षर भएको समझदारीपत्र आदान-प्रदान हुँदै*



*प्रतिष्ठान र नेपाल उद्योग परिसंघबिच सहयोग र अनुसन्धान सहकार्यको लागि समझदारीपत्रमा हस्ताक्षरपश्चात्को झलक*



*प्रतिष्ठान र नेपाल उद्योग परिसंघबिच सहयोग र अनुसन्धान सहकार्यको लागि समझदारी पत्रमा हस्ताक्षरपूर्वको छलफल*



*स्थानीय तहमा कानुन निर्माण प्रक्रिया र कार्यान्वयन अवस्थासम्बन्धी अध्ययनको प्रारम्भिक नतिजाको प्रस्तुति र छलफलको झलक*



स्थानीय तहमा कानुन निर्माण प्रक्रिया र कार्यान्वयन अवस्थासम्बन्धी अध्ययनको प्रारम्भिक नतिजाको प्रस्तुति र छलफलपश्चात् लिइएको सामूहिक तस्विर



भारत-नेपाल रणनीतिक हितमा बदलिएका अवधारणाहरू विषयक प्रवचन र छलफल कार्यक्रमका सहभागीहरू



भारत-नेपाल रणनीतिक हितमा बदलिएका अवधारणाहरू विषयक प्रवचन र छलफल कार्यक्रमपश्चात् लिइएको सामूहिक तस्विर



नीति अनुसन्धान प्रतिष्ठान बोर्ड र कर्मचारीहरूबिच भएको परिचयात्मक कार्यक्रम तथा अन्तरक्रियाको झलक



नीति अनुसन्धान प्रतिष्ठान बोर्ड र कर्मचारीहरूबिच भएको परिचयात्मक कार्यक्रम तथा अन्तरक्रियापश्चात् लिइएको सामूहिक तस्बिर



आर्थिक कूटनीतिको लागि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरणसम्बन्धी अध्ययनको लागि आयोजित अन्तरक्रियाको झलक



*आर्थिक कूटनीतिको लागि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरणसम्बन्धी अध्ययनको लागि आयोजित अन्तरक्रियपश्चात् लिइएको सामूहिक तस्बिर*



*प्रतिष्ठानका अनुसन्धानकर्ताहरूको लागि आयोजित गुणात्मक शोधविधि तथा तथ्याङ्क विश्लेषणसम्बन्धी कार्यशाला गोष्ठीको झलक*




*प्रतिष्ठानका अनुसन्धानकर्ताहरूको लागि आयोजित गुणात्मक शोधविधि तथा तथ्याङ्क विश्लेषणसम्बन्धी कार्यशाला गोष्ठीको झलक*



*प्रतिष्ठानमा आयोजित मिश्रित शोधविधिसम्बन्धी कार्यशालाको झलक*



*क्षेत्रगत सार्वजनिक नीति तर्जुमा र यसमा परिवर्तनको सिद्धान्तको प्रयोगसम्बन्धी तालिमको झलक*



*क्षेत्रगत सार्वजनिक नीति तर्जुमा र यसमा परिवर्तनको सिद्धान्तको प्रयोगसम्बन्धी तालिमपश्चात् लिइएको सामूहिक तस्बिर*




*नवनियुक्त अनुसन्धानकर्ता र इन्टर्नहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रमपश्चात् लिइएको सामूहिक तस्बिर*



*श्रम आप्रवासन र विप्रेषणसम्बन्धी नीति प्रवचनपश्चात् लिइएको सामूहिक तस्बिर*



*नेपालको जनसाङ्ख्यिक पूर्वानुमान र तिनका नीतिगत निहितार्थ विषयमा आयोजित नीति प्रवचनका सहभागीहरू*



*नेपालको जनसाङ्ख्यिक पूर्वानुमान र तिनका नीतिगत निहितार्थ विषयमा आयोजित नीति प्रवचनपश्चात् लिइएको सामूहिक तस्बिर*




*नेपालका जलाधार क्षेत्रहरूमा प्रतिस्पर्धात्मक र व्यावसायिक कृषिको पुनर्स्थापना सम्बन्धमा आयोजित नीति प्रवचनपश्चात् लिइएको सामूहिक तस्बिर*

## विज्ञहरूको सूचीमा सूचीकृत हुन अनुरोध

नीति अनुसन्धान गर्ने कार्यादेश कार्यान्वयन गर्ने प्रयोजनको लागि नीति अनुसन्धान प्रतिष्ठानको विज्ञसूची हाल अद्यावधिक भइरहेकाले नीति अनुसन्धानका कुनै पनि क्षेत्रमा विद्वत्ता भएका इच्छुक विज्ञहरूलाई यस विज्ञसूचीमा सूचीकृत हुन अनुरोध गरिन्छ । प्रतिष्ठानले सूचीकृत विज्ञहरूको विज्ञताको क्षेत्र र प्रतिष्ठानको आवश्यकताको आधारमा उहाँहरूको विज्ञ सेवा लिँदै आएको छ । साथै, नेपाल सरकारका मन्त्रालय तथा निकायहरूले यो विज्ञ सूची माग गरेमा उपलब्ध पनि गराइन्छ । यससम्बन्धी थप जानकारी roster@pri.gov.np मा सम्पर्क गरी वा प्रतिष्ठानको वेबसाइट www.pri.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

**नीअप्र बुलेटिन**

सङ्कलन, अनुवाद तथा सम्पादन: दिपेन्द्र प्रसाद पन्त । प्राज्जल रिजाल
तस्बिर: बिमल चन्द्र शर्मा
ग्राफिक डिजाइन: सुविन उलक